*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६०
नेपाल सम्बत् ११३७
इस्वी सम्बत् २०१७
बिक्रम सम्बत् २०७३

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**11th APRIL 2017**

| वर्ष- ३४ | अङ्क- १२ | ल्हुति पुन्हि | चैत्र २०७३ |
|---|---|---|---|





अक्रोधले क्रोधलाई जित्नु, खराब कार्य गर्ने व्यक्तिलाई असल कर्म गरेर जित्नु । कञ्जुसलाई दान दिएर जित्नु, झुठावादीलाई सत्यवादी बनी जित्नु ।

क्रोध भाव-हटाऊ, अभिमान सम्पूर्ण नाश गर्नु । सबै बन्धनलाई पार गर्दै जानु । नाम रूपमा आशक्त नभएको, अरागी व्यक्तिलाई दुःख हुनेछैन ।

मार्ग भ्रष्ट भई गलत वाटोमा लागिरहेको रथलाई रोकेजस्तै आफ्नो मनमा उठिसकेको क्रोधलाई रोक्ने व्यक्तिलाई मात्र सारथी भन्न योग्य छ । यी बाहेक अन्य व्यक्तिहरू त केबल डोरीको टुप्पो मात्र समात्ने व्यक्ति हुनेछ ।

सत्यवादी, अक्रोधी भई माग्न आउने समयमा अलिकति मात्र भए पनि दान दिने बानी बसाल्नु । यी ३ कार्य गर्ने मानिसहरू देवलोकमा जन्मनेछन् ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# बुद्ध शासन अर्न्तध्यान हुने लक्षणहरूलाई चिनौं

संसारको नियम नै अनित्य हो । त्यसैले भगवान् बुद्धले अनुसन्धान गरी पत्ता लगाउनु भएको प्राकृतिक ज्ञान पनि कालान्तर पछि क्रमशः लोप हुँदै जानु स्वाभाविक नै हो । बुद्ध-शिक्षा लोप हुँदै जानु भनेको बुद्ध शासन लोप भएको चिन्ह हो । जुन समयमा ५ वटा चिन्हहरू लोप हुनेछ तब बुद्धशासन लोप भयो भनिन्छ ।

बुद्ध शासनमा परियत्ति, पतिपत्ति र पतिवेध भनी प्रमुख रूपले धर्म त्रिविध रहेको छ ।

शासन अर्न्तध्यान ५ प्रकारले देखाइएका छन् । ती यसरी छन्–

(१) अधिगम अन्तर्ध्यान–

भगवान् बुद्धले बताउनु भएका उत्तम ज्ञान सहित अर्हत फल (चार मार्ग र फल) प्राप्त गर्ने कार्यलाई अधिगम भनिन्छ । ती चार मार्ग यसरी छन्– श्रोतापन्न, सकदागामी, अनागामी र अर्हत । मार्गमा लागेर यस ज्ञान प्राप्त हुने वित्तिकै फल प्राप्त भइहाल्छ । तर मानिसहरूको मनमा स्वार्थ क्लेष र दुषित भावनाले जरो गाड्न थालेपछि माथि उल्लेखित पवित्र मार्गमा लाग्ने बानी हराएर जान्छ । बुद्धले सिकाउनु भएको शिक्षालाई पालन गर्ने कार्यमा मन फितलो हुँदै गएपछि ज्ञानलाभ गर्ने शक्ति पनि क्रमशः हराउँदै जानेछ । यसलाई अधिगम अन्तर्ध्यान भनिन्छ ।

(२) पतिपत्ति अन्तर्ध्यान–

बुद्ध–शिक्षालाई आफ्नो व्यवहारमा प्रयोग गर्ने कार्यलाई पतिपत्ति भनिन्छ । आफ्नो आचरण सुधार्दै विपश्यना ध्यान गर्न असमर्थ भएका भिक्षुहरूले शील पालन गर्ने कार्यमा मात्र आफूलाई सीमित राख्नेछन् । शील पालन गर्दागर्दै पनि विनय नियम ठीक तरिकाले पालन गर्न नसकी पाराजिका ४ वटा मात्र पालन गर्ने हुन्छन् । पछि विस्तारै विनय नियम नाम मात्रको हुनेछ । त्यसैले होला वर्माबाट पाल्नु भएका महासी महास्थविर समक्ष भिक्षु अमृतानन्दले भिक्षुहरूको विनय नियम सम्बन्धी प्रश्न राख्नु हुँदा उहाँले यसरी उत्तर दिनुभएको थियो–

“आवुसो ! आजभोलीको वातावरण अनुसार पाराजिका चारवटा मात्र पालन गर्न सक्ने भिक्षुहरू रहे पनि पुग्छ ।”

उहाँको यस उत्तरले भनिरहेको छ– “आज भोली पाराजिका चारवटा मात्र पालन गर्ने भिक्षुहरू पनि कम हुँदै गएको देखिन्छ ।”

यसबाट प्रष्टिन्छ– आजभोली प्रतिपत्ति धेरै नै कमजोर भइसकेको छ ।

(३) परियत्ति अन्तर्ध्यान–

अर्थकथा सहित त्रिपिटक बुद्ध वचनलाई परियत्ति शिक्षा भनिन्छ । समय वित्दै गएपछि जब परियत्ति शिक्षा अध्ययन गर्ने बानी हराउँदै जान्छ, तब परियत्ति अन्तर्ध्यान हुन थाल्छ । सबभन्दा पहिला त अभिधर्म लोप हुनेछ । किनभने अभिधर्म शिक्षा शुक्ष्म मन सम्वन्धि शिक्षा भएको कारणले यसलाई बुझ्न त्यति सजिलो छैन । आजभोली सम्म पनि वर्मा देशमा अभिधर्म शिक्षा राम्ररी सुरक्षित रहेको देखिन्छ । तर श्रीलंका र थाइलैण्डमा भने सूत्र पिटकलाई मात्र बढि प्राथमिकता दिएको देखिन्छ । अर्को शब्दमा भन्ने हो भन्ने भगवान् बुद्धले सिकाउनु भएको मुख्य शिक्षा अध्ययन गर्ने बानी हराउँदै गएको छ ।

(४) लिङ्ग अन्तर्ध्यान–

यहाँ लिङ्ग शब्दले चीवर धारी भिक्षुहरूलाई संकेत गरेको छ । लिङ्ग अन्तर्ध्यान भनेको कालान्तरमा पहेँलो वस्त्र लगाएका भिक्षुहरू दुर्लभ हुँदै जानेछ । शरीरमा चीवर नाम मात्रको रहनेछ । पहेँलो कपडाको एक टुक्रा काँधमा चिन्हको रूपमा राखेर पनि चीवरको चिन्ह देखाइरहने भिक्षुहरू पनि हुनेछन् । कपाल लामो पालेर बस्ने बानी हुन



Downloaded from http://www.dhamma.digital

जान्छ । नियमानुसार त दुई महिना सम्म मात्र कपाल नखौरी बस्न मिल्छ । आजभोली कपाल लामो पारी राख्ने भिक्षुहरू पनि देखिन थालेको छ ।

यसरी विस्तारै भिक्षुभाव लोप हुँदै जानेछ । यसलाई लिङ्ग अन्तर्ध्यान भनिन्छ ।

(५) बुद्ध अस्थिधातु अन्तर्ध्यान–

सबभन्दा पछि भगवान् बुद्धको अस्थि धातु लोप हुनेछ ।

यो घटना पछि सम्पूर्ण रूपले बुद्धशासन नै लोप हुनेछ ।

यसरी धर्म सम्बन्धि ज्ञान नभएका र धर्माचरण नभएका व्यक्तिहरूको बाहुल्यता बढ्दै गएपछि धर्मलाई अधर्म थान्ने, विनय नियम पालन नगरी लोभी र महत्त्वाकाँक्षी व्यक्तिहरूको संख्या बढ्न थाले पछि मानिसहरूको मन असल कार्यमा भन्दा खराब आचरण तर्फ ढल्कने हुनाले बुद्ध शिक्षा विस्तारै लोप हुँदै जानेछ ।

तर भगवान् बुद्धले भन्नुभएको छ– "विरियावतो किं नाम कम्मं नसिज्झति"

अर्थात्– "मेहनत गरेको खण्डमा सिद्ध नहुने कुनै काम छैन "

यस बुद्ध वचनले भनिरहेको छ– जुन वेलासम्म क्लेश नाश गर्नको लागि कार्य गर्ने, मेहनती व्यक्तिहरू यस संसारमा विद्यमान रहन्छन्, तबसम्म अरहन्त, अनागामी, सकदागामी, र श्रोतपन्न ज्ञान लाभी आर्यपुद्गलहरूको अभाव हुँदैन । जुन बेलासम्म यस्ता पवित्र व्यक्तिहरू यस संसारमा हुन्छन्, तबसम्म बुद्ध शासन विद्यमान नै हुनेछ ।

त्यसैले हामीले बुद्ध शिक्षालाई सकेसम्म होशियारपूर्वक अध्ययन गर्दै यसलाई शुद्ध रूपले मन लगाई पालन गरौं र अभ्यास गरौं । अरूले पालन गरेको नगरेकोमा ध्यान, नदिई आफूले पालन गर्न मेहनत गरौं । अनि बुद्ध शासनको आयु लम्बाई आफ्नो र अरूको भलाई गरौं । धर्मकीर्तिको सबैलाई यही अनुरोध रहेको छ ।

## उद्धारकर्ताको आँखामा भूकम्प

✍ जगत बीरसिंह कंसाकार

बाँच्ने, बच्नेहरूको खुशीको हाँसो
मर्ने, मारिनेहरूको दुःखको आँशु
हे भगवान् के आइपर्‍यो, के देख्नु पर्‍यो,
कसरी सहने यी प्रकृतिको नासो

★ ★ ★

यता मन्दिर भत्क्यो, उता धरहरा ढल्यो,
भयो सबै बेकार
यता जमीन फाट्यो, उता घरजम बिलायो,
गयो सबै संसार
यता पहिरो गयो, उता आग्लागी भयो,
भयो सबै बबाल
यता पर्खाल ढल्यो, उता स्कूल कलेज चर्क्यो,
भयो सबै सुनसान ।

★ ★ ★

बाँच्ने, बच्नेहरूको खुशीको हाँसो
मर्ने, मारिनेहरूको दुःखको आँशु
हे भगवान् के आईपर्‍यो, के देख्नु पर्‍यो,
कसरी सहने यी प्रकृतिको नासो

★ ★ ★

धुलो, धुँवा गाउँ शहर चारैतिर भए खण्डहर,
अनि चित्कार
कोही कता कोही कता -
चारैतिर देखें कोलाहल, अनि हाहाकार
बचाऊ बचाऊ भन्दै चारैतिर आए आवाज,
अनि झनकार
तर आफू र आफन्तकै जीवन बचाउनु पर्ने
जतातत्तै पहिलो हतार ।

*( भूकम्प गएको दुई वर्ष बितेको सम्झनामा )*



Downloaded from http://www.dhamma.digital

# धर्म भनेको के हो ?

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

*(पूज्य गुरुजी श्री सत्यनारायण गोयन्काजीद्वारा महाराष्ट्रको प्रख्यात शहर नासिकमा रहेको 'रमाबाई आंबेडकर गर्ल्स हाई स्कूल' मा सन् १९९८ मा दिनु भएको तीन दिवसीय धारावाहिक प्रवचनको पहिलो भाग)*

नासिकको धर्म नगरका धर्म प्रेमी सज्जन तथा सन्नारीहरू !

नासिकको यो क्षेत्र सयौं वर्ष पहिलादेखि अथवा भनौं हजारौं वर्ष पहिलादेखि एउटा महान आध्यात्मिक क्षेत्र रहेको थियो । यस क्षेत्रले केवल महाराष्ट्रको मात्र होइन, अध्यात्मको जगतमा सम्पूर्ण भारतको नाक (नासिका) राखेको थियो । शायद त्यसैले नै यस क्षेत्रको नाम नासिका रहन गयो होला । टाढा-टाढाका देशबाट मानिसहरू धर्मको अभ्यास गर्न यस क्षेत्रमा आउने गर्दथे । आजभन्दा करिब १८०० वर्ष पहिला यहाँदेखि पैठन सम्म, गोदावरी नदीको तट्वर्ती भागलाई त्यस समय पवित्र स्थान मानिन्थ्यो । यो क्षेत्र तपोभूमि थियो । यहाँ मानिसहरू तपश्या गर्दथे । एउटा परम्पराका मानिसहरू तपश्या गर्दथे अर्को परम्पराका मानिसहरू यज्ञ-याज्ञ गर्दथे । यसरी यस क्षेत्रमा विभिन्न प्रकारका धार्मिक क्रियाकलापहरू हुने गर्थे । पछि सारा भारतमा भक्ति मार्गको जोड-तोड प्रचार भयो, यस क्षेत्रमा पनि यसले प्रभाव पार्‍यो । आजसम्म पनि त्यही प्रथा चलिरहेको छ । अब फेरि एक पटक तप गर्ने समय आएको छ । 'विपश्यना' को युग आएको छ । यस क्षेत्रका निवासीहरूले पनि यस विधिलाई अपनाएका छन् । यहाँका मानिसहरू धर्म प्रेमी छन्, त्यसैले यस विधिलाई स्वीकार गरेका छन् ।

केही समय अघि मुम्बईको महानगरमा एउटा वृहत 'विश्व विपश्यना पगोडा' को शिलान्यास गरियो । त्यस समय आमन्त्रित एकजना अतिथिले सोध्नुभयो कि तपाईंले यो कल्याणकारी विद्या बर्माबाट ल्याउनु भयो र त्यसको मूल केन्द्र यसै स्थानलाई किन छान्नु भयो ? भारतको अन्य स्थानबाट किन आरम्भ गरिएन ? म के जवाफ दिऊँ, मैले भनें यो धरती मैले छानेको होइन यस धरतीले मलाई छान्यो र यहींबाट काम शुरू भयो ।

यहाँका निवासीहरूमा धर्मको प्रति आस्था छ, उनीहरू धर्म बुझ्छन् । सही तरिकाले बुझायो भने धर्मलाई राम्ररी बुझ्छन्, धर्मलाई धारण गर्ने काममा लागीपर्छन् । धारण गर्नाले नै धर्म हुन्छ । धारण नगरी केवल वाणी विलास, बुद्धि-विलास गर्दै रह्यो भने जुन लाभ प्राप्त हुनु पर्ने हो त्यो पाउँदैन । आऊ ! आजको यस धर्म सभामा पहिला धर्म के हो ? भन्ने बुझौं । त्यसपछि धर्म किन धारण गर्नुपर्छ ? भन्ने बुझौं र त्यस पछि धर्म कसरी धारण गर्ने ? भन्ने बुझौं । आजदेखि तीन दिनसम्म यसै विषयमा चर्चा गरिनेछ । आज धर्म के हो भन्ने बुझौं ।

हाम्रो यो दुर्भाग्य भयो कि आजभन्दा १५०० वर्ष अथवा भनौं दुई हजार वर्ष पहिला धर्म शब्दको सही रूप थियो, सही अर्थ थियो, आज त्यो हरायो । धर्म शब्दको सही अर्थ नै थाहाभएन भने त्यसलाई कसरी धारण गर्ने ? आजकल त धर्म, कसैको बौद्ध धर्म, कसैको हिन्दू धर्म, जैन धर्म, सिख धर्म, इसाई धर्म आदि आदि ।

धर्मलाई बैसाखी चाहिँदैन । धर्मलाई अन्य कसैको सहाराको आवश्यक पर्दैन । धर्मले त हामीलाई सहारा दिन्छ, उसलाई अन्य कस्को सहारा चाहिन्छ र ? तर नबुझेर जब धर्मसंग अन्य बैसाखीहरूको नाम जोडिन्छ तब धर्मलाई छोडेर बैसाखीहरू प्रमुख हुन जान्छ, धर्म गौण हुन पुग्छ । धर्म अँध्यारोमा छोपिन्छ । दुर्भाग्यले यही भयो ।

पहिला भनिन्थ्यो धारण गरेमा धर्म हुन्छ । **धारेतीति धम्मं ।** के धारण गर्ने ? हाम्रो चित्तले जुन वृत्ति धारण गर्दछ त्यस समय त्यहाँ त्यस चित्तको धर्म हो । चित्तले आफ्नो स्वभाव धारण गर्दछ । आफ्नो लक्षण धारण गर्दछ । जुन चित्त वृत्ति मैले आफ्नो चित्तमा अहिले धारण गरेको छु त्यसको स्वभाव कस्तो छ ? धर्म भन्नुको अर्को अर्थ स्वभाव, प्रकृति, निसर्ग, ऋत हुन्, पहिला यही धर्मको अर्थ थियो । आजभोलि पनि कहिले काहीं स्वभावलाई धर्मको अर्थमा प्रयोग गरिन्छ । कहिले काहीं भन्ने गरिन्छ कि अग्निको धर्म बल्नु र बाल्नु हो, मतलब त्यसको स्वभाव भनेको हो । यदि आगो बलेन र बालेन भने त्यो आगो नै भएन, अरू केही भयो । त्यस्तै बरफको स्वभाव स्वयं शीतल हुनु र आफू वरिपरि शीतल पार्नु हो । यदि ऊ आफै शीतल भएन भने उसको वरिपरि कसरी शीतल बनाउँछ, तब बरफ बरफ रहेन ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# नारी जातीको उत्थानका लागि महाप्रजापति गौतमीको योगदान

✍ वीर्यवती

**१) नारी परिचय–**

नारीलाई मानव समुदायको आधा अङ्गको रूपमा लिने गरिन्छ । तर धेरैजसो एशियाली मुलुकहरूमा नारीलाई पुरूषको दाँजोमा राख्ने साहस गरेको देखिंदैन । त्यसैले यी देशहरूलाई पुरूष प्रधान देश भन्ने गरिन्छ । बुद्धकालिन समयमा भगवान् बुद्ध स्वयमले समाजको यस कमजोरी पक्षलाई हटाउन समय समयमा कदम उठाउनु भएको देखिन्छ। यस विषयमा बुद्धकालिन घटना एउटा यहाँ उल्लेख गर्न उचित ठान्दछु ।

एकदिन प्रशेनजित कोशल राजा भगवान् बुद्ध समक्ष धर्म सम्बन्धि-विषयमा छलफल गर्दै थिए । त्यसबखत राजदरवारबाट एक दूत आई राजाको कानमा वडामहारानी मल्लिका देबीले पुत्री जन्माएकी खबर सुनाएछ । यो खबर सुनी राजाको म खिन्न भएछ र अनुहार निन्याउरो पारी शीर झुकाउन पुगेछ । यो दृष्य देख्नु भएपछि भगवान् बुद्धले यसको कारण सोध्नु हुँदा राजाले जवाफ दियो–

"भगवान् ! मल्लिका देबीले छोरा जन्माउँछिन् भन्ने सोचेको थिएँ । तर छोरी जन्माईछ ।"

यो कुरा सुन्नु भएपछि भगवान् बुद्धले भन्नुभयो–

**"इत्थीपि हि एकच्चिया सेय्या पोस जनाधिप**
**मेधावी शीलवती सासु देवा पतिब्बता**
**तस्सा यो जायति पोसो सूरो होति दिसम्पंति**
**तादिसा सुभागिया पुत्तो रज्जम्पि अनुसासतीति**[१]

अर्थात्–

हे जनाधिप ! कुनै नारी, बुद्धिमती, शीलवती भई सासु–ससुरालाई देवता समान मानी पतिब्रता भई पुरुष भन्दा पनि श्रेष्ठ हुन सक्छिन् । त्यसकारण आफ्नी छोरीलाई राम्रो शिक्षा दिई आवश्यक तालिम दिनुस् । त्यस्तो नारीको कोखबाट जन्मिएका सन्तान सुखी तथा दिशा प्रमुख राज्य प्रमुख पनि हुन सक्छ । त्यस्ती सौभाग्यवतीको कोखबाट जन्मेको बालकले राज्यमा शासन पनि गर्न सक्छ ।

समाजमा असल नागरिक उत्पादन गर्नको लागि शिक्षित नारीको आवश्यकता रहेको हुन्छ । त्यसैले नेपोलियनले भनेको थियो–

"मलाई एक असल आमा देऊ मैले
एक असल राष्ट्र दिनेछु ।"

भगवान बुद्धले पनि भन्नुभएको छ–

"माता मित्तं सके घरे"[२]

अर्थात– "छोरा छोरीको लागि आमा नै असल साथी हुन्"

एक शिशुले आफ्नो धेरैजसो समय आफ्नी आमाको साथ रही बिताउने गर्छ । आमाले दुध र खाना खुवाउँदै आफ्नो सन्तानलाई पाइला पिच्छे प्राथमिक शिक्षाहरू सिकाइरहेकी हुन्छिन् । त्यसैले आमा नै उसको पहिलो गुरू हुन्छिन् ।

एकदिन एक विद्वान व्यक्ति भगवान बुद्ध समक्ष आई प्रश्न गरेछ–

"किंसु भण्डानं उत्तमं"[३]

अर्थात् – संसारमा ठूलो को हो ?

यस प्रश्नको उत्तर भगवान बुद्धले यसरी दिनु भएको थियो–

"इत्थि भण्डानं उत्तमं"

अर्थात्– नारी नै सबभन्दा उत्तम हुन् ।

नारीमा विद्यमान रहेका उत्तम गुणहरूलाई जानेर नै होला भगवान् बुद्धले बुद्धशासन रूपी रथका चार पांग्राको रूपमा भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरू खडा गर्नुभएको थियो । रथ **गुड्नको लागि यी चारवटै पांग्राको आवश्यकता पर्दछ । एउटा मात्र पांग्रा बिग्रिएमा रथ काम नलाग्ने पंगु बन्न पुग्दछ ।**

त्यसैले होला संक्षिप्त बुद्ध वंशका २८ जना तथागतहरूले नै बुद्ध शासनमा अग्रश्रावक अग्रश्राविका प्रधान उपासक र प्रधान उपासिका भनी भिक्षु, भिक्षुणी उपासक र उपासिकाहरू खडा गरिएको इतिहास नै उल्लेख गरिएको पाइन्छ ।[४]

१. निन्दाबाट बच्ने कोही छैन – भिक्षु अश्वघोष, पेज ५८
२. निन्दाबाट बच्ने कोही छैन – भिक्षु अश्वघोष, पेज ५८
३. निन्दाबाट बच्ने कोही छैन – भिक्षु अश्वघोष पेज ५८



Downloaded from http://www.dhamma.digital

२८ जना बुद्धहरूमध्ये सबभन्दा अन्तिम गौतम बुद्धको समयमा पनि उहाँले ४६ जना भिक्षुहरूलाई उहाँहरूको योग्यता र गुण अनुसार अग्रपद दिनुभएको छ भने १३ जना भिक्षुणीहरूलाई यसरी नै अग्रपद दिनुभएको छ। त्यस्तै १० जना उपासक र १० जना उपासिकाहरूलाई पनि उहाँहरूको योग्यतालाई कदर गरी अग्रपद प्रदान गर्नु भएको इतिहास छ।[५]

यस घटनाले भनिरहेको छ, भगवान् बुद्ध नारी स्वतन्त्रताको हिमायती हुनुहुन्छ । उहाँको शासनमा नारीपुरूष वीच कुनै भेदभाव छैन। कतिपय नारी विश्वका महापुरूष र महामानवहरू जन्माउन सफल भएका छन् । समाज, देश, एवं विश्वलाई राम्रो मार्ग निर्देशन गर्न सक्षम महामानव जन्माउने क्षमता प्रकृतिले त नारीलाई नै दिएको देखिन्छ ।

२) **सिद्धार्थ कुमारको जन्म**–

महामानव गौतम बुद्ध बन्ने सिद्धार्थ कुमारलाई जन्माउनु भएकी महान माता मायादेवी पनि त एक नारी नै थिइन् । नेपाल अधिराज्यको तराईमा पर्ने देवदहमा जन्मिनु भएकी महामायादेवीले लुम्बिनीवनमा सिद्धार्थ कुमारलाई वैशाख पूर्णिमाको पावन दिनमा आजभन्दा २६४० वर्ष अगाडि जन्म दिनु भएर त्यसको ७ दिन पछि परलोक हुनुभएकी थिइन् ।

३) **महाप्रजापति गौतमीद्वारा शिशु सिद्धार्थको स्याहार सुसार**

कपिलवस्तु राज्यका राजा शुद्धोदनले आफ्नी जेठी वडामहारानी मायादेवीको देहावसान पश्चात् कान्छी महारानी प्रजापति गौतमीलाई वडामहारानी बनाए। उक्त समयमा कान्छी वडामहारानी महाप्रजापति गौतमी (महामायादेवीको कान्छी बहिनी) ले पनि नन्दकुमारलाई जन्माएकी थिइन । आफ्नी दिदी परलोक भएको कारण उनकोपुत्र सिद्धार्थ कुमारलाई आफ्नो स्तनपान गराई महाप्रजापति गौतमीले मातृ स्नेह प्रदान गरिन् भने आफ्नै पुत्र नन्द कुमारलाई धाई आमाको हातमा सुम्पिदिइन् । आफ्नो सौताको सन्तानलाई **स्याहार्नको लागि आफ्नो सन्तानलाई त्यागन सक्ने महाप्रजापती गौतमीको हृदयको उदारतालाई हामीले यहाँनेर चिन्न सक्छौ ।** हाम्रो नेपालमा यस्ता विशाल हृदय भएका निश्वार्थ नारीले पनि जन्म लिएको रहेछ भन्ने कुरा इतिहासले बताइरहेको छ। यस घटनालाई स्मरण गर्दै हामीले गर्व गर्न सक्छौं । यहाँ प्रष्टिएको छ, निश्वार्थ चित्त भयो भने सानी आमा पनि आमा बन्न सक्दोरहेछ । नारीको महानतालाई हामीले यहाँ मुल्यांकन गर्न सक्छौं। एक निश्वार्थ चित्त सहितको सुशिक्षित नारीले विग्रिन लागेको घरायसी मामिलालाई सपारेर स्वर्गतुल्य बनाउन सक्छिन् । प्रजापतिले कपिलवस्तुको राजदरवारमा यही देन दिएको छ। आजको स्वार्थपूर्ण संसारमा महाप्रजापति जस्तो निष्कपट, निस्वार्थी र निरभिमानी नारीको खाँचो छ ।

४) **सिद्धार्थ कुमारको गृहत्याग**–

महाप्रजापति गौतमीको पवित्र मातृ स्नेहरूपी छहारीमा हुर्किएका सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा आषाढ पूर्णिमाको राती बोधिज्ञान प्राप्त गर्ने उद्देश्य लिई राजदरवार त्याग गर्नु हुंदा महाप्रजापति गौतमीले ज्यादै चित्त दुखाएकी थिइन्। तैपनि शोक विहवल राजा शुद्धो दन र यशोधरादेवी (सिद्धार्थ, कुमारकी पत्नी, युवराज्ञी) दुबैलाई धैर्य धारण गराउने कार्यमा जुट्न थालिन् ।

५) **बुद्धत्व प्राप्ती**–

गृहत्याग गरेको ६ वर्ष पश्चात् सिद्धार्थ कुमारले वैशाख पूर्णिमाको दिन बुद्धगयामा बुद्धत्त्व प्राप्त गरी भगवान् बुद्ध हुनु भएको थियो । बुद्ध हुनु भए पछि धर्म प्रचार गर्दा गर्दै अर्को एक वर्षपछि वैशाख पूर्णिमाको दिनमा शुद्धोदन महाराजाको निमन्त्रणा स्वीकार गर्नुभई भगवान् बुद्ध कपिलवस्तु आइपुग्नु भएको थियो ।

भगवान् बुद्धको धर्म उपदेश सुनी महाराजा शुद्धो दन स्रोतापन्न, सकृदागामी र अनागामी मार्गफल प्राप्त गरी भाग्यमानी हुनुभएको थियो । यसरी नै सानी आमा महाप्रजापति गौतमीले स्रोतापति मार्गफल प्राप्त गर्न सफल हुनुभएको थियो–[६]

६) **चीवर दान** –

स्रोतापन्न भइसकेपछि भगवान् बुद्धप्रति गौतमीको अटल श्रद्धा भाव रहनेत स्वभाविक नै भयो। त्यसैले पवित्र श्रद्धाको कारणले आफ्नो हातले धागो बनाई मेहनत पूर्वक तयार पारिएको एक जोर चीवर प्रजापति गौतमीले भगवान् बुद्धलाई चढाउन पुगिन् ।त्यसबेला भगवान् बुद्ध

४. सक्षिप्त बुद्ध वंश - भिक्षुणी धम्मवती (नेपालभाषा अनुवाद)

५. विशेष बौद्ध – भिक्षुणी धम्मवती

६. नारीप्रति बुद्धको देन – सुश्री नानीमैया मानन्धर –पेज ४



Downloaded from http://www.dhamma.digital

कपिलवस्तुको निग्रोधाराम विहारमा रहनु भएको थियो । भगवान् बुद्धलाई पञ्चाङ्ग वन्दना गरी चीवर ग्रहण गरि दिन आग्रह गरेकी महाप्रजापति गौतमीलाई भगवान् बुद्धले व्यक्तिगत दान दिनु भन्दा संघलाई दान दिनुको महत्त्व अझ् वढि हुने कुरा बुझाउनु हुँदै भन्नुभयो–

"संघलाई दान दिंदा म पनि पूजित हुनेछु र संघपनि ।"[७]

भगवान् बुद्ध कपिलवस्तुमा पुग्नु भएको तेश्रो दिनमा महाप्रजापति गौतमीकी पुत्र नन्द कुमारलाई प्रव्रजित गर्नुभएको थियो भने सातौं दिनमा आफ्नै पुत्र राहुल कुमारलाई पनि प्रव्रजित गर्नु भएको थियो ।[८]

७) **शुद्धोदन महाराजाको परिनिर्वाण**–

एकदिन कपिलवस्तुका शुद्धोदन महाराजा विरामी पर्नुभएको खबर थाहा पाउनु भएकोले शाक्य मुनी बुद्ध केही श्रावकहरूलाई लिई बैशालीबाट कपिलवस्तु पुग्नुभयो । अनि शुद्धोदन महाराजलाई धर्मदेशना गर्नुभई अनागामीबाट अरहन्तमा प्रतिष्ठित गराउनु भयो । अरहन्त हुनुभएको एक साता भित्र नै शुद्धोदन महाराजा परिनिर्वाण हुनुभयो । त्यसपछि भगवान् बुद्ध पनि वैशाली नै फर्किनु भयो ।[९]

८) **प्रजापति गौतमीको प्रवज्या हुने इच्छा**–

बुद्ध हुनुभएका शुद्धोदन महाराजाको सेवा सश्रुषा गरी बस्नुभएकी महाप्रजापति गौतमीलाई महाराजाले सधैंको लागि छोडेर गएपछि शोक र दुःख लाग्नु त स्वभाविक नै भयो ।

भगवान् बुद्ध धर्म र संघको महत्त्व बुझिसकेका महाप्रजापति गौतमीले राज्य सुखको महत्त्वलाई गौण थानिसकेकी थिइन् । राज प्रासादको सुख नित्य नरहेको र म र मेरो भन्ने सत्काय दृष्टि र सांसारिक बन्धन देखि वाक्क र दिक्क भएकी महाप्रजापति गौतमीले आखिर गृहत्याग गरी त्यागी जीवन बिताउनु चाहिन् । त्यसबेला भगवान् बुद्ध भिक्षु महासंघ सहित कपिलवस्तुको न्यग्रोधाराम विहारमा रहनु भएको थियो ।

महाप्रजापति गौतमी आफ्ना ५०० जना शाक्य राजकुमारीहरूका साथ तथागत समक्ष पुगी नारी जातीलाई पनि तथागतको धर्म विनयमा प्रव्रजित गराइदिन प्रार्थना गरिन् । तर तथागत यस **प्रार्थना स्वीकार्नु भएन । ३ पटक याचना गर्दा पनि स्वीकार्नु नभएको कारणले दुःखी हुँदै प्रजापति गौतमी ५०० राजकुमारीहरूका साथ राजदरवार फर्किन् ।**

तर संघको महत्त्व बुझिसकेकी महाप्रजापति गौतमी गृहस्थ जीवन भन्दा त्यागी जीवनको महत्त्वलाई अझ् उच्च ठानी बुद्ध शासन रूपी रथका चार पांग्राहरू मध्ये एक पांग्रा भिक्षुणी संघ स्थापना गर्ने तीव्र इच्छा गरिन् । नारी समुदायको उत्थान कार्यमा अग्र भूमिका निभाउने इच्छा परिपूर्ति गर्नको लागि उनीले नाऊ बोलाई केश क्षौर गरी काषाय वस्त्र धारण गरिन् । यसरी नै आफ्ना ५०० शाक्य राजकुमारीहरूलाई पनि केश क्षौर गराई काषाय वस्त्रधारणा गर्न लगाइन् । यसरी सबैले राजदरवारमा नै काषाय वस्त्र धारणगरी उनीहरूको समुदायले वैशाली प्रस्थान गरे ।[१०]

बुद्ध धर्म र संघप्रति अटल श्रद्धा भएकी, त्याग र तपस्याको महत्त्व बुझेकी ८० वर्षिया विधवी महारानी प्रजापति गौतमीले राजदरवारको ऐश्वर्य, सुख सुविधा त्यागी जति कष्ट भोग्न परेपनि भोग्न तयार हुने खालको दृढ संकल्प सहितको मनोबल शक्ति जुटाई कपिलवस्तु बाट बैशाली सम्मको ५१ योजन लामो बाटो पैदल नै हिंडेर पुग्नु भयो ।[११]

फलस्वरूप उनीहरूको जीऊभरि धुलैधुलो, खुट्टा, सुन्निएको र ठाउँ ठाउँमा फोका उठेका थिए । तर उनीले यस दुख कष्टको कुनै परवाह गरिनन् । भिक्षुणी हुने महान संकल्पका साथ तथागतको स्वीकृति विना काषाय वस्त्र धारण गरी प्रव्रज्या भेष धारण गरिसकेको कारण तथागत समक्ष एक्कासि जान हिचकिचाइरहेकी थिइन् । त्यसैले तथागतको कोठा बाहिर ढोकानेर चिन्तामग्न भई उभिरहेकी थिइन् ।

भिक्षु आनन्दले महाप्रजापति गौतमीको यो दशा देख्ने बित्तिकै आश्चर्य चकित बन्दै उहाँलाई यसको कारण सोध्नुभयो ।

७. बुद्धकालिन श्राविका चरित – भिक्षु अमृतानन्द भाग -१, पेज १३

८. बुद्धकालिन श्राविका, महाप्रजापति गौतमी – आचार्य भिक्षु अमृताननद पेज – ८

९. बुद्धकालिन श्राविका चरित भाग - १, पेज १६

१०. बद्धकालिन श्राविका चरित भाग - १ पृष्ठ २७

११. बुद्धकालिन श्राविका चरित भाग - १ पृष्ठ २८



Downloaded from http://www.dhamma.digital

गौतमीले भनिन् – "भन्ते ! भगवान् बुद्धले नारीजातीलाई प्रव्रजित गर्ने अनुमति नदिएको कारणले वाध्य भई यस्तो उपाय अपनाउनु पर्‍यो ।"

यो उत्तर सुनी भिक्षु आनन्दले गौतमीलाई उपसम्पदा गराउने उपाय सोच्दै भगवान् बुद्ध समक्ष हाजिर भई गौतमीको हालखवर सुनाई उपसम्पदाको लागि याचना गर्नुभयो । उहाँले यस्तो प्रश्न पनि राख्नुभयो –

"भगवान् ! के नारी जातीले धर्म विनय पालन गरी निर्वाणको तहमा पुग्न सक्दैन ?"

यस प्रश्नको उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ

"नारीहरूले निर्वाण साक्षात्कार गर्न अवश्य सक्छन् ।"

यस्तो उत्तर पाएपछि भिक्षु आनन्दले भन्नुभयो–

"त्यसो भए भगवान् । महाप्रजापति गौतमी तथागतका अभिभावक, आफ्नो दूध पिलाएर तथागतलाई हुर्काएकी मातृ हृदयीलाई तथागतको धर्म विनयमा प्रव्रजित हुने आज्ञा दिनुहोस् ।"

त्यसपछि भगवान् बुद्धले भन्नुभयो–

"आनन्द ! यदि प्रजापति गौतमीले आठ प्रकारका गरु धर्म पालन गर्न सक्छिन् भने गौतमीको प्रव्रज्या र उपसम्पदा त्यही नै हुनेछ । ती गरू धर्म यसरी छन्–

९) ८ वटा गरू धर्महरू–

क) उपसम्पदा द्वारा सयवर्ष पुगेकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई अभिवादन, प्रत्युपस्थान नमस्कार र आदर सत्कार गर्नुपर्छ ।

ख) भिक्षुणीले भिक्षु आश्रम नभएको स्थानमा वर्षावास गर्न हुँदैन ।

ग) प्रत्येक दुई हप्तामा भिक्षुणीहरूले भिक्षुसंघबाट उपोषथ गराउने र ओवाद उपदेश सुन्ने ।

घ) वर्षावास गरिसकेकी भिक्षुणीहरूले भिक्षु र भिक्षुणी संघमा गई देखेको, सुनेको, सङ्का लागेको भए भन्नुहोस् भनी याचना गर्ने ।

ङ) गरूधर्म (संघादिसेस, दोष, पापकर्मको दोष) मा परेको भिक्षुणीले भिक्षु, भिक्षुणी दुबै संघमा गई आफ्नो भूल स्वीकार गर्ने ।

च) दुईवर्ष सम्म ६ वटा शिक्षा (पञ्चशील र विकाल भोजन) पालन गरिसकेकी नारीले भिक्षु र भिक्षुणी दुबै संघ सभामा गई उपसम्पदा माग्नु पर्दछ ।

छ) भिक्षुणीले भिक्षुलाई कुनै प्रकारले निन्दा, आक्रोस र उपहास गर्न हुन्न ।

ज) भिक्षुहरूको तर्फबाट कुनै गल्ती हुन पुगेमा भिक्षुणीहरूले कुनै आलोचना नगर्ने । यस मामिलामा बुद्धिमान् भिक्षुहरूले नै सुझाव् दिनुहुनेछ । भिक्षुणीहरूको तर्फबाट कुनै गलती हुन पुगेमा बुद्धिमान भिक्षुहरूले आवश्यक सुझाव दिन सक्नुहुनेछ ।

१०) प्रजापति गौतमी सहित अन्य ५०० जना शाक्य राजकुमारीहरूको उपसम्पदा–

भगवान् बुद्धको आज्ञा शिरोपर गरी महाप्रजापति गौतमीले यी आटवटा गरूधर्म गौरवपूर्व पालन गर्न प्रसन्न चित्तले स्वीकार गर्नु भयो । तत्कालै महाप्रजापति गौतमी सहित अन्य ५०० जना नारीहरूले पनि उपसम्पदा प्राप्त गर्नु भयो । यसरी भिक्षुणी शासनको उदय भयो ।

त्यसपछि पनि भगवान् बुद्धले समयानुकुल परिस्थिति अनुसार, आवश्यकतानुसार भिक्षुणीहरूलाई ३११ नियमहरू र भिक्षुहरूलाई २२७ वटा नियमहरू पालन गर्नुपर्ने विनय बनाउनु भएको कुरा पनि उल्लेख गरिएका छन् ।

११) **महाप्रजापति गौतमी अरहन्त हुनुभयो**–

भिक्षुणी हुनुभएपछि प्रजापति गौतमीले धर्म अभ्यास गर्नुहुँदै एकदिन ऋद्धि सहित अरहन्त हुनुभयो । त्यसपछि भगवान् बुद्धले उहाँलाई चीररात्रज्ञ भिक्षुणीहरू मध्ये अग्र पद प्रदान गर्नुभयो ।

भिक्षुणी गौतमीको प्रेरणाले अन्य १३ जना भिक्षुणीहरूले पनि विभिन्न क्षेत्रमा एकदग्ग पद प्राप्त गर्न सफल हुनुभएका थिए ।

१२) **भिक्षुणी गौतमी परिनिर्वाण हुनुभयो**–

१२० वर्षको उमेर पुगेकी भिक्षुणी महाप्रजापति गौतमी, पाँच सय अन्य भिक्षुणीहरूका साथ वैशाली स्थित महावनको भिक्षुणी निवासस्थानमा रहनुहुँदा उहाँले ध्यानद्वारा आफ्नो आयुसंस्कार सिद्धिएको थाहा पाउनु भयो । त्यसैले आफुसंगै रहेका ५०० जना भिक्षुणीहरूलाई लिई उहाँ परिनिर्वाण हुनुका लागि भगवान् बुद्ध समक्ष अनुमति लिन पुग्नु भयो ।

भगवान् बुद्धप्रति आफूबाट कुनै गलती हुन पुगे क्षमा दिनुहोला भनी क्षमा प्रार्थना गर्नुहुँदै परिनिर्वाण हुनको



Downloaded from http://www.dhamma.digital

लागि अनुमति मागेको अवस्थामा भगवान बुद्धले नारीहरूले पनि धर्म अववोध गर्न सक्ने कुरामा शंका राख्नेहरूको शंका निवारण गर्नको लागि गौतमी तिमीले आफ्नो ऋद्धि प्रातिहार्य देखाउनु भनी आज्ञा हुनुभएको थियो ।[१२]

भगवानको आज्ञाशिरोपर गरी महाप्रजापति गौतमीले अनेक ऋद्धि प्रतिहार्य देखाउनु भएको थियो ।

यसपछि महाप्रजापति गौतमीले भगवान् बुद्धसंग विदालिई फर्कदां उहाँलाई भगवान् बुद्ध स्वयं र अन्य विशाल परिषदले उहाँबस्ने कोठासम्म पुऱ्याउन जानु भएको थियो ।

आफ्नो कोठामा पुगी अर्ध पलेटी मारी आसनमा बस्नुभएपछि प्रथम ध्यानबाट क्रमशः चतुर्थ ध्यानमा पुगी महाप्रजापति गौतमी परिनिर्वाण हुनभयो । उहाँका साथै अन्य ५०० जना भिक्षुणीहरू पनि परिनिर्वाण हुनुभए ।

१३) **अन्तिम संस्कार–**

त्यसपछि भगवान् बुद्धबाट भिक्षु आनन्दलाई आज्ञा भए अनुसार भिक्षु आनन्दले महाप्रजापति गौतमी परि निर्वाण भएको विषयमा चौतर्फी घोषणा गर्नुभयो । चौ तर्फबाट भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरू भेला भएपछि स्वयं भगवान् बुद्ध, भिक्षु सारीपुत्र, भिक्षु मौ दगल्यायन भिक्षु राहुल, भिक्षु नन्द, भिक्षु आनन्द, भिक्षु महाकाश्यप, प्रमुख अनगिन्ति भिक्षु भिक्षुणीहरूको सहभागितामा भिक्षुणी महाप्रजापतिको शवयात्रा भयो । यसरी शवयात्राको पछि पछि भगवान् बुद्ध स्वयं कहिंजानु भएको छ भने त्यो भिक्षुणी महाप्रजापति गौतमीको शव यात्रामा मात्र हो ।

बुद्ध कालिन समयमा यो जस्तो शबयात्रा भगवान् बुद्धको बाहेक अरू कुनै श्रावक वा श्राविकाहरूको भएको थिएन ।

१४) **निष्कर्ष–**

आफ्नो दूधे बालक नन्द कुमारलाई धाई आमाको हातमा सुम्पी, आफ्नी दिदी महामाया देवीको पुत्र सिद्धार्थ गौतमलाई स्तनपान गराई मातृ स्नेहरूपी शीतल छहारी प्रदान गरी हुर्काउन सक्षम महाप्रजापति गौतमी बुद्ध माता बन्न सफल हुनुभयो ।

राज्य वैभव त्यागी अलौकिक सुख प्राप्त गर्न सफल हुनभएकी गौतमीले त्यससमयको पुरूष प्रधान समाजमा अति कष्ट झेली भगवान् बुद्ध समक्ष भिक्षुणी उपसम्पदाको लागि गरू धर्म पालन गर्नलाई पनि सहर्ष स्वीकार गरी नारी जातीको लागि धर्मको ढोका उघारिदिन सफल हुनुभयो । यस्ती संघनायिका महाप्रजापति गौतमीको गुणलाई इतिहासले सुवर्ण अक्षरमा कोरिएको छ । "रूपं जीरति मच्चानं नाम गोत्तं न जीरति"भनिएकै छ । रूप जीर्ण भई नाश भएर गएपनि अरूको हीतोपराकारको लागि त्याग र बलिदान गरेर सम्पन्न गरेको कार्यले दिएको सुपरिणाम अमर कीर्तिको रूपमा बाँकी रहेको हुन्छ । त्यसैले महाप्रजापति गौतमीको योगदान एवं साहसिक कदमलाई हामीले कदर नगरी रहन सक्दैनौं । उहाँको आदर्श लिई हामी नारी वर्गले पनि नविराउनु नडराउनु भन्ने शिक्षालाई अंगिकार गरी धर्म क्षेत्रमा अगाडी बढ्न सकौं ।

१५) भगवान् बुद्धले गौतमीलाई उपसम्पदा दिन किन ढिलाई गर्नु भएको होला ? गरू धर्म पालन गराउने आदेश किन दिनु भएको होला ?

यहाँनेर प्रश्न उठ्न सक्छ भगवान बुद्ध नारी स्वतन्त्रताका हिमायती भएपनि नारीहरूलाई उपसम्पदा गर्ने कार्यमा सजिलो तरिकाले किन अनुमति दिनु भएन होला ? गरू धर्मजस्तो नियमहरू पालन गर्नको लागि आदेश किन दिनुभएको होला ? यस विषयमा एकपटक सोचौं ।

नकारात्मक भन्दा सकारात्मक ढंगले सोच्न सके अझ् मानसिक शक्ति प्रवल हुने देखिन्छ । सकारात्मक ढंगले सोच्ने हो भने बुद्धकालिन समय पनि पुरूष प्रधान समय थियो । जुनबेला नारीहरूलाई दमन गरिएकै थियो । त्यस समयको पुरूष प्रधान वातावरण अनुसार नारी उत्थान कार्यमा मानिसहरूको मनमा विरोधाभास आउन नदिनको लागि पनि नारीहरूलाई सजिलो तरि काले उपसम्पदा प्रदान नगरी विस्तारै यसको अधिकार प्रदान गर्नुभएको होला। भगवान् बुद्धको शिक्षा नै थानाथान कोशल ज्ञान हो । ठाउँ र समय सापेक्ष, वातावरण अनुकुलतालाई ध्यानमा राखी सो अनुसार कार्यगर्न सके मा मात्र राम्रो नतीजा आउने गर्छ। त्यसैले भगवान् बुद्धले महाप्रजापति गौतमी सहित अन्य भिक्षुणीको मनलाई

१२. बुद्धकालिन श्राविका, महाप्रजापति गौतमी–पेज, ८७ –आचार्य भिक्षु अमृतानन्द



Downloaded from http://www.dhamma.digital

सहनशीलता, निरभिमानी, अनुशाशित, बनाई जुनसुकै कठिन परिस्थितिलाई पनि सहर्ष सामना गर्नसक्षम बनाउनको लागि पनि गरू धर्म पालन गर्ने आदेश दिनुभएको हुनुपर्छ ।

होइन भने पहिला पहिला (सत्ययुग) का तथागतहरूले नारी पुरूष भेदभाव नभएको अवस्थामा सजिलैसंग नारीवर्गलाई उपसम्पदा हुने अधिकार प्रदान गरिएको देखिन्छ । किनभने त्यो समयमा गरू धर्मको नामो निशान छैन ।

भगवान बुद्धले दिनुभएको आदेश शिरोपर गर्नु सबैको कर्त्तव्य हो । यसले कसैको कुभलो हुनेछैन । भनिन्छ । "ठगना पाप है ठगेजाना नहिं" ।

आफूबाट अरूलाई दुःख दिनु मात्र पाप हो । आफूलाई अरूले दुःख दिएकोलाई न्यायोचित रूपमा सहन सक्नु पाप कार्य होइन । आफ्नो तर्फबाट अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी पुग्ने कार्यगर्नलाई डराउनु पर्छ । किनभने यसको दण्ड प्रकृतिले आफैलाई भोगाउँछ । तर अरूले आफूलाई दिएको दुःख सहन डराउनु पर्दैन । जति जति दुःख भोग्न डराउँदैन त्यति त्यति मनोबल शक्ति वृद्धि हुँदै जान्छ । त्यसैले हामीले पनि भौतिक सुख र मान पदवीमा मात्र नभुली दुःख देखि नडराइकन आ-आफ्नो कर्त्तव्य पथमा लम्कन सकौं । आर्य नारी महाप्रजापति गौतमीको आदर्शलाई अपनाउन सकौं ।

॥ भवतु सब्ब मंगलं ॥

| धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना | | |
|---|---|---|
| २०७३ फागुन / चैत्र | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
| फागुन २२ गते, अष्टमी | अमता | वीर्यवती |
| फागुन २९ गते, होलिपुन्हि | शुभवती | चमेली |
| चैत्र १ गते, संक्रान्ति | वण्णवती | पञ्ञावती |
| चैत्र ८ गते, अष्टमी | सुवण्णवती | त्यागवती |
| चैत्र १५ गते, औंशी | शुभवती | केशावती |

## मनू जुनि

✍ **लेलिन शाक्य**

जुनि जुनि जन्म काय्दःसां
मनू जुनि जन्म दइमखु हाकनं
जुइगु जन्म हे धर्मया फलं
मामं ब्यूथे काय्गु थ्व नं

मनू जुयाः जन्म जुइगु उत्तम
इन्द्रिययात वशय् काये फतसा
मखुसा थ्व जन्म दुःखया सागर
बाःवइ सुनामी अविरल नकसां

अविद्या खः अहंकार स्वार्थी जुइगु
थःजक ज्यूसा फुकं लोमनीगु
अनित्य थ्व संसार सार मदुगु
काम क्रोध लोभया जाः फ्यना तःगु

कनकया लोभ कामिनीया तृष्णाया
थ्वहे खः सुख दुःखया कारण
थमं याक्व थःत हे दइगु
भोगय्यायमाः च्वय धुंकूगु धारण

दुपिन्त न्ह्याक्व हे दःसां मगाः
सुं मरू संसारय् तृप्त जूपिं
आपलं दु दुखं भःभः न्हुयाः
ज्ञानया रश्भी मखना च्वंपिं

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**


★ गौतमी ४० वर्षकी छँदा छोरो नन्दकुमारको जन्म भएको थियो । त्यसै वर्ष उनकी दिदी महामाया देवी परलोक भएकी थिइन् ।

★ अस्सी वर्षको उमेरमा गौतमी भिक्षुणी भएकी थिइन् ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital



# पटाचारा

✍ **आभा अवाले** 'सद्धम्म कोविद'

बुद्धकालमा कोशल राज्यको श्रावस्तीमा धनाढ्य सेठहरू मध्ये ४० करोड धन भएको सेठको एक्ली छोरीको रूपमा पटाचाराको जन्म भएको थियो । एक त प्राणप्रीय छोरी त्यसमाथि अनुपम सुन्दरी भएकीले पटाचारालाई आमाबुबाले कडा सुरक्षाका साथ सात तल्ले भवनको माथिल्लो तल्लामा राखी लालन पालन गरिएको थियो । सेवा टहल गर्न परिचारिकाहरू, अझ सुरक्षित गर्न नोकर चाकरको समेत व्यवस्था मिलाईएको थियो । प्रेम भन्ने नै यस्तो कुरा हो जुन रोकेर रोकिन्न र छेकेर छेकिन्न । जुन पटाचारालाई कसैसँग नबिग्रियोस् न नफसोस् भनि मातापिताले कडा सुरक्षामा राखि बाहिरी व्यक्तिको सम्पर्क नै हुन दिएको थिएन, यस्तो अवस्थामा पनि आफ्नै सेवाका लागि राखिएको सेवकसँग नै तीनको प्रेम भयो । एक त धनाढ्य परिवार त्यस माथि सौन्दर्यले भरिएको पटाचाराका लागि वर खोज्न त्यति गाह्रो भएन । यो खबर थाहा पाई तिनले आफ्नो प्रेमीलाई घर छाडी भाग्ने कुरामा सहमत गराई नगर व्दारमा भेट्ने निर्णय गरिन् ।[1] भनिन्छ प्रेम अन्धो हुन्छ, त्यसैले त आफूलाई त्यति धेरै माया गर्ने अभिभावक अनि त्यत्रो सुख सुविधा सबै त्यागी आफ्नो सेवक प्रेमीसँग घरबार त्यागी भाग्ने विचार गरिन् । भोलि पल्ट एका विहानै आफन्तले चिन्छन् भनी काम गर्ने सेविकाको भेषमा प्रेमीसँग घर छाडी टाढा नयाँ जीवन प्रारम्भ गर्न हिडिन् । धनाढ्य परिवारकी एक्ली र प्रीय छोरी भएर सुख सुविधापूर्ण जीवन विताइरहेकी पटाचाराले ती सबै लत्याएर आफ्नै नोकरसँग भागेर जीवन बिताउनु भनेको नै आफ्नो जीवन आफैले जीउने निर्णय गर्नु थियो । अब शायद उनलाई माइती पक्षले कुनै सम्बन्ध राख्ने थिएन । यो उनका आमाबुबाको इज्जत, मान र प्रतिष्ठाको विरूद्ध थियो । यो कुरालाई बुझेर पनि तिनले माइती पक्ष भन्दा आफ्नै प्रेमीलाई छानिन् । पहिले केहि नगरेकी तिनले अब आफैले घर गृहस्थीको सबै काम गर्नु पर्‍यो । जानी नजानी यी कामहरू आफैले गर्नु परे पनि तिनी खुशी नै थिइन् किनकी आफुले एकदमै माया गरेको प्रेमी आफूसँगै थियो । दुःख र अभावमा पनि तिनी मुस्कुराई रहिन्, किनकी आफूले रोजेको जीवनसँग तिनी सन्तुष्ट थिईन् ।

महिलाहरू गर्भिणी भएको समयमा आफ्नो माइती अझ त्यसमा पनि विशेष गरी आमाको याद गर्छन् । पटाचाराले पनि यहाँ पति बाहेक कोही नभएकोले माइती जाने इच्छा व्यक्त गर्दा उनको पतिले पहिलेको आफ्नो अवस्था संझी त्यहाँ जाने मन नगरी आलटाल गरी रहे । पटाचाराले यो कुरा बुझी छिमेकीलाई सूचना दिई एक्लै माइती हिडीन् । यो कुरा थाहा पाई उनको पति उनलाई लिन पछि पछि गयो । बाटोमा भेट भई सम्झाउँदा त्यहिं प्रसव वेदना भयो र कठिनता पूर्वक पुत्र प्राप्ति पश्चात् दुबै पति पत्नी आफ्नो घरतिरै फर्के । समय आफ्नो क्रममा चल्दै थियो । दोस्रो पटक गर्भवती हुँदा पनि पहिले झैं नाबालक छोरासँग माइतीतिर हिंडिन् । पतिले यो थाहा पाई पछ पछि गई घर फर्काउन कति मनाउँदा पनि मनाउन सकेन । यसै क्रममा अचानक हावा हुरी चली मेघ गर्जन सहित मुसलधार वर्षा शुरूभयो । दुर्भाग्यवश पटाचारालाई त्यसै समय प्रशव वेदना सुरू भयो । असहय वेदनाका साथ पटाचाराले पतिलाई स्याउला र दाउराहरू बटुलि त्यो घनघोर जंगलमा एक सुरक्षित स्थान बनाई दिन आग्रह गरिन् । आफ्नी प्रिय पत्नीको आग्रहलाई पुरा गर्ने क्रममा सर्पको टोकाईबाट तत्काल उनको मृत्यु भयो । वेदनाले छटपटिएर पति आउने आशै आशमा आँखा तानी तानी त्यस्तो

१. भिक्षु संघरक्षित, बुद्धकालिन दस अग्रणी नारीहरू



Downloaded from http://www.dhamma.digital

भयानक रातमा तीनले फेरी एक पुत्रलाई जन्म दिईन् । विस्तारै सुर्योदयसँगै उज्यालो हुदैं गयो, वर्षा पछिको मौसम निक्कै खुलेको थियो । रातको हुरी र भयानक वर्षा रोकिसकेको थियो । हिजो राती मात्र जन्मेको छोरालाई आफ्नो छातिमा टाँसी दुई वर्षको छोराको औंला समाई बिस्तारै ढल्मलिँदै पतिलाई खोज्न गईन् । अलि पर पतिको मृत शरीर देखेर आलाप बिलाप गर्दै आफुले सकेको तरिकाले पतिको अन्तिम संस्कार गरिन् । यस्तो दुःखको बेला आफ्नो आमाबुबा सम्झि माइती नै जाने निधो गरिन् र श्रावस्तीतिर बिस्तारै अगाडि बढ्दै गईन् । रातीको मूसलधार वर्षाले बाटोमा पर्ने अचिरवती नदी बढेर छातीसम्म पुगेको थियो । नदी तर्ने कुनै साधन त्यहाँ थिएन । भर्खरैकी सुत्केरी र आफ्नो प्रिय पतिसँग बिछुडिएर अनि प्रकृतिसँग जुझेर आएकी तिनमा दुबै छोराहरूलाई एकै पटक बोकेर पारी जान सक्ने आँट नै आएन । त्यसैले पहिला सानो छोरालाई पारी तारेर बगरमा सुताई फेरी वारी आई ठूलो छोरालाई लिन आउने क्रममा एक ठूलो बाजले आफ्नो सानो छोरालाई खुट्टामा च्यापेर उड्दै गरेको देखिन् । बाज धपाउन दुबै हात उठाउदाँ पारीको छोराले आफ्नी आमाले उसैलाई आऊ भनी बोलाई रहेको ठानी अगाडि बढी नदीमा उत्र्यो र ठूलो भेलले बगाई नदी मै बिलीन गरि दियो । तिनी किंकर्तव्यविमूढ भईन् । त्यस पछि तिनी कहिले आफ्नो पतिलाई सम्झेर रून्थिन् भने कहिले आफ्ना प्राण भन्दा प्यारा दुईछोराहरूलाई सम्झेर ।[२]

यसरी आलाप बिलाप गर्दै तिनी आफ्नो माइत घरतिर अगाडि बढ्दे गर्दा उताबाट एक व्यक्ति आई रहेको देखि आफ्नो बुबाको बारे सोधिन् । हिजो रातीको वर्षाले उनको बुबाआमा र भाइको पुरिएर अकालमा मृत्यु भई तिनै जनालाई एकै चितामा राखि जलाइ रहेकोले नै त्यो टाढा धुँवाको मुश्लो देखिएको हो भन्ने कुरा थाहापाई पटाचाराको दिमाग सून्य भयो । जमिन धस्सिए झैं भयो । शरीरको नशा नशामा बिजुली दौडे झैं भयो । आफ्ना प्रिय सबै एकै पटक गुमाएको पिडा सहनै सकिनन् । चिच्याउन खोजिन् तर बोली नै फुटेन । रून खोजिन् तर आँशु नै बगेन । मनमा यस्तो तीब्र पिडा भयो कि सहनै सकिनन् । मुटु नै फुट्ला झै भयो र तिनी बेहोश भई ढलिन् । केहि समय पछि होशमा आउँदा तिनी अर्कै संसारमा पुगी सकेकी थिइन् । चारैतिर कोही सहारा भेटाइनन्, भरोसा पाइनन्, आफ्नो गन्तव्य पनि देखिनन् । संसार नै अन्धकारमय बन्यो । चारैतिर शून्यता छायो । स्वजन बियोगको दृष्य एक एक गर्दै आँखा अगाडि नाच्न थाले । सर्पको विष फैली सकेको पतीको नीलो मृत शरीर, नवजात शिशुलाई बाजले खुट्टाले च्यापेर लगिरहेको, ठूलो छोरालाई नदीले बगाएको, माता पिता-भाईको पुरिएर मृत्यु भई चितामा जलाउँदा निस्केको धुवाँको मुश्लो आदि एक पछि अर्को गर्दै मानस पटलमा नाच्न थाले । यसबाट उत्पन्न वेदनाले सिमाना नाघ्यो । शोकाग्निमा डुब्दै लडिबुडि खेल्न थालिन् । प्रिय बियोगले विव्हल बनिन् । आफुले आफुलाई लछार पछार गरिन् । अनि तिनले मानसिक सन्तुलन गुमाइन् । यसरी जथाभावि चल्दा चल्दा तिनको शरीरबाट एक-एक गर्दै सबै लुगाहरू खसे । अन्तमा यस्तो अवस्था आयो कि तिनको शरीरबाट सबै लुगाहरू खसेकोपनि तिनलाई होश भएन र तिनी नांगै हिंडिन्, तिनी पगली भईन् । संज्ञासून्य भई यता उता गरी रहदाँ आफु नाँगो बनेको नै होश नगरी पतित आचरण गरेकी हुनाले उनको नाम नै पटाचारा रहन गयो । यसरी आफन्त सबै गुमाएको मात्र होइन, आफ्नो होश समेत गुमाई निर्वस्त्र भई बाटोमा हिंडि-रहेको देखि कोही डर र लाजले पर भाग्थे भने कोही तिनलाई जिस्काँउथे । एक दिन मानिसहरूले लखेट्दै गर्दा तिनी भाग्दा भाग्दै जेतवनारामतिर दगुरिन् । त्यस बखत भगवान् बुद्ध जेतवनाराममा अष्टपरिषद्का[३] बीचमा बसी धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । भगवान बुद्धले बहुलाही भएर नांगै आईरहेकी पटाचारालाई टाढैबाट देख्नुभयो । त्यसै क्षण उहाँले पटाचाराको अतितका बारेमा जान्नुभयो । विनयधर भिक्षुणीका लागि एकलाख कल्प अघिदेखि नै पारमीहरू पूरा गरी आएको देखि उनलाई आफुतिर ल्याउनका लागि मैत्री चित्त राख्नुभयो । यसको प्रभावले गर्दा तिनी बुद्धको नजिक आई रहेको देखी अरू

२. नारी प्रति बुद्धको देन, सुश्री नानी मैयाँ मानन्धर

३. क) क्षेत्री परिषद ख) ब्राह्मण परिषद ग) गृहस्थ परिषद घ) श्रमण परिषद ङ) चातुर्महारिजक परिषद च) त्रायत्रिंश परिषद छ) मार परिषद ज) ब्रह्मा परिषद



Downloaded from http://www.dhamma.digital

मानिसहरूले नांगै बहुलाही आई रहेकोले तिनलाई रोक्न खोज्दा भगवान् बुद्धले "नरोक, आउन देऊ ।" भनी भन्नुभयो । पटाचारा सरासर गई भगवान बुद्ध समक्ष पुगिन् । भगवान बुद्धले करूणा युक्त एवम् प्रेमपूर्वक नम्र वचनले तिनलाई सम्बोधन गर्दै भन्नुभयो "सति पटिलभ भगिनी, ति" अर्थात– "बहिनी होशमा आऊ ।"

त्यो पत्नी जसलाई पतिले छोडर गयो, त्यो आमा जसलाई छोराहरूले छोडेर गयो, त्यो छोरी जसलाई आमा बुबाले छाडेर गयो, त्यो दिदी जसलाई भाईले छाडेर गयो, तिनलाई बोलाउन सम्बोधन गर्नेहरू सबैले एक एक गर्दै तिनलाई एक्लै छाडेर गए, तिनलाई बोलाउने कोही भएनन् । अब त न कसैलाई आफ्नो बनाउने क्षमता थियो न कसैले तिनलाई आफन्तको रूपमा ग्रहण गर्ने वातावरण नै थियो । यस्तो परिस्थितिमा बुद्धको करूणा मिश्रित स्नेहयुक्त **बहिनी** भन्ने एक वचन सुन्ने बित्तिक्कै त्यो बोली तिनको अचेतन मनसम्मै गढ्यो । सारा संसारसँग टाढीएकी, आफ्नै सूरमा हिंड्ने पटाचारालाई त्यो एक सम्बोधनले सर्वस्व नै पाए जस्तो भयो । होशमा आउ भन्ने वचनले तिनको स्मृति फर्क्यो । होशमा आउँदा आफ्नो शरीरमा वस्त्र नै नभएको चाल पायो, अझ त्यत्रो परिषद्का सामुन्ने ! अनि तिनी लाजले जहाँको त्यहिँ थुचुक्क बसिन् । एक पुरूषले दिएको पछ्यौराले आफ्नो शरीरमा बेरीन् र भगवान्को अगाडि गई पञ्चाङ्ग वन्दना गरिन् । त्यस बखत तिनले लाजको संवेग भन्दा पनि आफु असहाय भएको आफ्नो कोही नभएको भावले बढी ठाउँ ओगटेको अनुभव गरिन् । भगवान् बुद्धको मैत्रीपूर्ण सम्बोधन पछि यो संसारमा उहाँ नै आफ्नो लागि सबभन्दा नजिकको आफन्त झैं महशुस गरिन् । अझ भगवानको - मृत्यु आउने बेलामा कसैले रक्षा गर्न सक्दैन, अतः यो कुरालाई बुझेर शील संयम गरी चाँडै नै निर्वाणगामी मार्गफललाई विशुद्ध पार्नु पर्छ भन्ने गाथाले पटाचारको हृदयलाई भित्रैसम्म छोयो । अनित्यतालाई बुझिन् र आफ्नो क्लेश हटाई स्रोतापत्ति फल साक्षात्कार गरिन् । स्रोतापति फलमा प्रतिष्ठित भइसके पछि पटाचाराले भगवान् बुद्धसँग प्रव्रज्या मागिन् । भगवान्ले उनलाई भिक्षुणी संघकहाँ पठाई भिक्षुणी बनाउनु भयो ।[४]

गृहस्थी जीवनमा अत्याधिक दुःख, पीडा, शोक भोगिसकेकी पटाचाराले भगवान बुद्धको शासनमा भिक्षुणी बनेदेखि बडो सजग र सचेत भई बुद्ध शिक्षालाई अभ्यास गर्न थालिन् । भगवान् बुद्धको विनयलाई राम्रोसँग जानेर नबिग्रने गरी पालन गर्दै विपश्यना ध्यान पनि एकाग्र चित्तले अभ्यास गर्दै लगिन् । बुद्धले बनाई दिनु भएका सबै विनय शिक्षापदहरूलाई राम्ररी सिकेर पालन गर्दै गएकोले पटाचारा भिक्षुणी विनयमा पोख्त र ज्ञाता भइन् । यिनको यहि विशेषतालाई जान्नुभई भगवान् बुद्धले चार परिषदका[५] सामु औपचारिक रूपमा विनयधरा भिक्षुणीहरू मध्ये पटाचारालाई अग्रणी घोषणा गर्नु भएको थियो :–

**"एतदग्गं भिक्खवे, मम साविकानं भिक्खुनीनं विनयधरानं यदिदं पटाचारा ।"**

**भिक्षु हो मेरा विनयधरा भिक्षुणी श्राविकाहरू मध्येका पटाचारा अग्र छन् ।"**[६]

एकदिन खुट्टा पखालेको पानी बगेर गएको हेर्दा हेर्दै अनित्य, दुःख र अनात्मलाई विशेष रूपले मनन गर्दै हातमा दियो लिई कोठा भित्र गईन् । दियो तल राखी खाट्मा बस्नु अगाडि बत्ती निभाईन् उतिखेरै उहाँको आश्रव क्लेशहरू सबै क्षय भई चतुप्रतिसम्भिदा[७] ज्ञान सहित अहरत्व प्राप्त गरे ।

❖

४. भिक्षु अमृतानन्द, बुद्धकालिन श्राविका चरित भाग १, भिक्षुणी चरित पृ.३१९

५. ऐजन, पृ.३२४

६. भिक्षु बोधिसेन महास्थविर (अनु.) अंगुत्तर निकाय, भाग १ काठ. ज्ञानज्योति लक्ष्मीप्रभा कंसाकार वि.सं २०५८ पृ.२६

७. अर्थ, धर्म, निरूशक्ति र पतिभान

★ **हिंसक, असत्यवादी, चोरीकाम गर्ने, व्यभिचारी र मद्यपान गर्ने व्यक्तिले यही लोकमा आफ्नो उन्नतिको जड् उखेल्छ ।**

★ **आकाश, समुद्र तथा पर्वतको गुफामा जहाँ गएर बसेता पनि आफूले गरेको पापको फलबाट बच्न सकिंदैन ।**
**– *धम्मपद***



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## पुप्फवग्गो (पुष्पवर्ग)

*२०७३ फागुन २८ गते, शनिवार*
*प्रवचिका- श्रद्धेय इन्दावती गुरूमां*
*प्रस्तुती- राज भाइ तुलाधर*

भगवान् बुद्धले आफ्नो उपदेशहरूमा जहाँ जहाँ फूलको उल्लेख गर्नु भएको छ, ती उपदेशहरूलाई धम्मपदको पुष्पवर्गमा संकलन गरिएको छ ।

धेरै जसो फूलहरू सुन्दर, सुगन्धयुक्त हुन्छन् । तर यसको सुन्दरता र सुगन्ध धेरै समय रहँदैन, अर्थात् अनित्य छ । अर्को कुरा सुन्दर फूलको साथमा तीखा काँडाहरू पनि हुन सक्छ । यसले देखाउँछ कि इन्द्रिय सुखहरू संगसंगै दुःख पनि लुकिरहेको हुन्छ । फूललाई विभिन्न कुराको प्रतीकको रूपमा लिन सकिन्छ ।

एक जना भिक्षुले जंगलमा गएर ध्यान भावना गरिरहेको थियो । तर उसले त्यति प्रगति गर्न नसके पछि थप उपदेशको लागि फेरि बुद्धकहाँ फर्किरहेको वेला जंगलमा मरूभूमिमा देखिने जस्तो पानीको भ्रम (मृगतृष्णा) देख्यो । यो देखेर उसलाई आफ्नो शरीर पनि यस्तै निस्सार छ जस्तो लाग्यो । फेरि एउटा नदीमा उठीरहेको पानीको फींजलाई देखेर शरीर पनि यस्तै अनित्य रहेछ भनेर सोच्यो । भगवानकहाँ पुगेर उसले आफ्नो मनमा उठेका कुराहरू पोखेको अवस्थामा भगवानले गाथाको रूपमा भन्नुभयो–

"जसले शरीरलाई पानीको फोका समान अनित्य ठान्छ, जसले यसलाई मृगतृष्णा जस्तै निस्सार हो भनेर जान्छ उसले क्लेश, कर्म र विपाक रूपी मारको फूलहरूलाई काटेर मृत्युराजले नदेख्ने ठाउँमा पुग्छ अर्थात् निर्वाण प्राप्त गर्छ ।"

पुष्पवर्गकै अर्को गाथामा भगवान्ले भन्नुभएको छ–

"सुन्दर, सुगन्धयक्त फूलहरू मन पराएर टिपे जस्तै जुन व्यक्ति इन्द्रिय सुखहरूमा आसक्त भइरहन्छ उसलाई राती सुतीरहेको गाउँलेहरूलाई बाढीले बगाएर लगे जस्तै मृत्युले टिपेर लैजान्छ ।"

एकजना देवअप्सरा तावतींस देवलोकबाट च्युत भएर मनुष्यलोकमा जन्मन आएको प्रसंगमा पनि भगवानले अर्को गाथामा भन्नुभएको छ–

"कुनै मालिले राम्रो राम्रो फूलहरू मात्रै टिपेर माला उन्नुमा आशक्त भइ रहे जस्तै जुन व्यक्ति पञ्चकामसुखमा मात्रै रमाइ रहन्छ, त्यस्तो व्यक्तिलाई आफ्नो तृष्णाहरू पुरा नहुँदै मृत्युराजले आफ्नो वशमा लिन्छ ।"

मानिसहरूको जीवन अवधि एकदम थोरै हुन्छ, इन्द्रिय सुखहरूको चाहना तृप्त हुनुभन्दा पहिले नै मृत्युले उसलाई वशमा लिन्छ ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

**( शनिवारिय कक्षा सञ्चालन प्रतिवेदन )**

*२०७३ चैत्र ५ गते*
*प्रस्तुतकर्ता: कोषाध्यक्ष, श्यामलाल चित्रकार*

त्रिरत्न प्रति असिम श्रद्धा राखी बुद्ध शिक्षा अध्ययन र अध्यापन गर्ने र गराउने प्रमुख उद्देश्य लिई स्थापित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४५ औं वार्षिक भेलामा उपस्थित सबै सदस्यहरूलाइ स्वागत तथा साधुवाद दिन चाहन्छौं । बुद्ध शिक्षा अध्ययन गर्ने सन्दर्भमा अटुट रूपमा संचालित यो शनिवारिय कक्षा एउटा सशक्त माध्यम साबित भई सकेको छ । यसलाई अझ बढी सशक्त र सक्षम बनाउन गत साल नरः बुद्ध विहार, हाँडिगाउँमा गोष्ठीको भेलामा "अध्ययन गोष्ठीको शनिवारिय कक्षा-व्यावहारिक पक्ष्य र सुधार गर्नु पर्ने पक्ष्य" विषयमा अन्तरकृया भएको थियो । सहभागीहरूले भौतिक अवस्था, संचालन विधि, धार्मिक छलफल इ. बारे महत्वपूर्ण सुझावहरू प्रस्तुत भएको थियो । यस विषयमा हामी सदस्यहरूले निरन्तर रूपमा लागिपर्नु पर्ने हुन आउँछ । केही वर्षदेखि बौद्ध विद्वानहरूले शनिवारिय कक्षाको लागि खास खास बौद्ध ग्रन्थको आधार लिई आउनु भएका छन् । जस्तै प्रा. मदन रत्न मानन्धरज्यूले २०६५ साल जेष्ठ महिना देखि अंगुत्तर निकाय ग्रन्थको सूत्रहरूको विविध विश्लेशन सहित अध्यापन गराउँदै आउनु भएको छ । २०७३ साल सम्म ९३ कक्षा भई सकेको रेकर्डबाट



Downloaded from http://www.dhamma.digital

देखिन्छ। २०७१ साल पौष महिना देखि डा. रीना तुलाधर ज्यूको संयोजकत्वमा श्रद्धेय धम्मावती गुरूमाले देशना गर्नु भएको अभिधर्म क्लासको भिडियो रेकर्ड देखाई अभिधर्म जस्तो गहन विषयमा अध्ययन गर्ने जागरण ल्याउने प्रयास भई रहेको छ। डा. रीना तुलाधर र उहाँको अनुपस्थितिमा श्री श्यामलाल चित्रकारले हालसम्म अभिधर्म विषयमा २३ कक्षा भएको देखिन्छ । अभिधर्म कक्षाको लागि श्री अरूणशिद्धि तुलाधर र श्री इन्द्र कुमार नकर्मीले निरन्तर रूपमा प्राविधिक सहयोग गर्दै आउनु भएका छन् ।

२०७२ साल चैत्र १३ देखि २०७३ साल चैत्र ५ गते सम्ममा जम्मा ५२ शनिवारहरू मध्ये कार्यक्रमहरू, चाँडपर्वहरू ई वापत ८वटा शनिवारहरू कटाई बाँकी ४४ शनिवारहरूमा निम्न बौद्ध विद्वान श्रद्धेय भन्ते गुरूमांहरू तथा उपासक उपासिकाहरूले निम्न कक्षा लिनु भई यस अध्ययन गोष्ठीलाई ठूलो गुण लगाउनु भएको छ। उहाँहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौं।

| *क्र.सं.* | *कक्षालिने व्यक्तिको नाम* | *कक्षा संख्या* |
|---|---|---|
| १. | श्रद्धेय शान्तमैत्री भन्ते | ४ |
| २. | श्रद्धेय पञ्ञासार भन्ते | १ |
| ३. | श्रद्धेय इन्दावती गुरूमा | ३ |
| ४. | श्री मदन रत्न मानन्धर | ११ |
| ५. | डा. रीना तुलाधर | ९ |
| ६. | श्री त्रिरत्न मानन्धर | ८ |
| ७. | श्री देवकाजी शाक्य | ३ |
| ८. | श्रीमती उर्मिला ताम्राकार | ३ |
| ९. | श्यामलाल चित्रकार | २ |
| | | ४४ |
| | कार्यक्रमहरू, चाडपर्वहरू ई. | ८ |
| | **जम्मा** | ५२ |

विहारमा आउने वयस्क उपासक उपासिकाहरूको छोरा छोरीहरू र अन्य युवाहरूलाई बुद्ध शिक्षा अध्ययन र अध्यापन गराउने उद्देश्यले स्थापित यस अध्ययन गोष्ठीको ४५ वर्षको अवधिमा श्रद्धेय धम्मवती गुरूमा र श्रद्धेय अश्वघोष भन्तेको अथक प्रयास र अमूल्य योगदानको फलस्वरूप सक्षम बौद्ध जनशक्ति तयार भई रहेको हामीले अनुभव गर्न सक्छौं । अन्तमा कक्षा संचालनको संयोजक श्रद्धेय इन्दावती गुरूमा लगायत सहभागीहरूलाई चिया, जलपान, तथा अन्य सहयोग गर्नेहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) भिक्षु अश्वघोष महास्थविर, रु. ३२००/-
२) धर्महेरा ताम्राकार, सेतो दरबार, काठमाडौं रु. २५००/-
३) मंगल लक्ष्मी तुलाधर, ज्ञानेश्वर रु. २०००/-
४) बिकु माया शाक्य,बनेपा रु. १५००/-
५) निर्मला मानन्धर, असन, कमलाक्षी बाट रु. १०००/-
६) कमला ताम्राकार, बिजेश्वरी, काठमाडौं बाट रु. १०००/-
७) निर्मला तुलाधर, बिजेश्वरी, काठमाडौंबाट रु. १०००/-
८) कर्ण बहादुर तुलाधर, ढल्को, काठमाडौं, रु. १०००/-
९) रोशन चित्रकार रु. १०००/-
१०) शान्ति चित्रकार रु. १०००/-
११) निलम् शाक्य रु. ५१०/-
१२) कमला शाक्य रु. ५०५/-
१३) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रु. ५००/-
१४) प्रबिन्द्र राज तुलाधर, भोटाहिटी रु. ५००/-
१५) राकेश शाक्य, बनेपा रु. ५००/-
१६) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
१७) बुध्द भक्त रंजित, बनेपा रु. ५००/-
१८) गुण केशरी रु. ५००/-
१९) मिनु चित्रकार रु. ५००/-
२०) बुद्धरत्न शाक्य, पाटन रु. १००/-
२१) शान्त रत्न शाक्य, डल्लु मेता गाई रु. १००/-
२२) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

२३) कर्ण बहादुर तुलाधर, ढल्को, काठमाडौं, आफ्नो छोरा प्रकिर्ण तुलाधरको जन्मदिनको उपलक्ष्यमा रु. २०,०००/-
२४) दान शोभा तुलाधर, लाजिम्पाट, स्व. श्रीमान मैत्री रत्न तुलाधरको पुण्यस्मृतिमा रु. १०,०००/-



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

## ( आर्थिक प्रतिवेदन – २०७३/१२/०५ )

*प्रस्तुतकर्ता- कोषाध्यक्ष, श्यामलाल चित्रकार*

वि.सं. २०७१/१२/१३ देखि वि.सं. २०७१/१२/०४ सम्मको निम्न अनुसार जम्मा आम्दानी रू. २३९७६५.९८ मध्ये रू. १७९४४३.३५ खर्च भई हाल ६०३२२.६३ वचत भएको छ। आजको मितिमा रू. ११९१२३७.०९ जम्मा मौज्दात रहेको छ।

| क्र.सं. | विवरण | आम्दानी | खर्च | वचत/न्यून |
|---|---|---|---|---|
| **(क)** | **कार्यक्रमहरू** | | | |
| | १. वार्षिक भेला, नरः बुद्ध विहार हाँगाउँमा | १४३३०.०० | १४३३०.०० | ०.०० |
| | २. श्रद्धेय अश्वाघोष भन्तेको ९० औं जन्मोत्सव तथा प्र.दि. | ३९५८०.०० | २९०२०.०० | १०५६०.०० |
| | " उपहार | | ३०००.०० | –३०००.०० |
| | ३. श्रद्धेय अश्वघोष भन्तेको ८९ औं जन्मोत्सव बापत थप आम्दानी खर्च प्राप्त | ८४२.०० | ३०००.०० | –२१५८.०० |
| | ४. श्रद्धेय धम्मवती गुरूमांको ८३ औं जन्मोत्सव मा उपहार | | ३०००.०० | –३०००.०० |
| | ४. गुरू पूजा | ११६८०.०० | १४०९०.०० | –२४१०.०० |
| | ५. पुस्तक प्रदर्शनी खर्च | | ३०१२.०० | –३०१२.०० |
| | ६. बौद्ध हाजिरी जवाफ प्रतियोगिता | | | |
| | ७. अल्पकालिन ऋषिनी तथा श्रामणेर प्रब्रज्या | १०४५४५.०० | ९३९०८.०० | १०६३७.०० |
| | ८. बिशेष धार्मिक कार्यक्रम, बनेपा | १२१००.०० | १४१००.०० | –२०००.०० |
| | ९. लोकेश्वर ध्यानागार भ्रमण | १३८३५.०० | ११४२५.०० | २४१०.०० |
| | १०. त्रिरत्न मानन्धर सम्मान खर्च | | २३५०.०० | –२३५०.०० |
| | **जम्मा** | **१५६४९०.००** | **१५९२१५.००** | **–२७२५.००** |
| **(ख)** | **अन्य आम्दानी खर्चहरू** | | | |
| | १. व्याज आम्दानी : एक्प्रेस | ४४६६८.९८ | | |
| | २. व्याज आम्दानी : शुभगणपति | १७७९७..०० | | |
| | ३. सदश्यता शुल्क | ९७५०.०० | | |
| | ४. पिपल पात बिक्रि | ५००.०० | | |
| | ५. विज्ञापन खर्च | | २५००.०० | |
| | ६. यातायात खर्च | | ९००.०० | |
| | ७. मसलन्द लेटरहेड र प्रमाणपत्र छपाई | | २१७०.०० | |
| | ८. उपहार पिपलपात खरिद | | २३००.०० | |
| | ९. मां गुणवती गुरूमा उपहार पौभा खरिद | | ३५००.०० | |
| | १०. व्याज कर | | ६७००.३५ | |
| | **जम्मा** | **८३२७५.९८** | **२०२२८.३५** | **६३०४७.६३** |
| **(ग)** | **(क) र (ख) जम्मा** | **२३९७६५.९८** | **१७९४४३.३५** | **६०३२२.६३** |
| (घ) | गत वर्षको मौज्दात | ११३१४१.४६ | | |
| | कट्टी दायीत्व भुक्तनी | ५००.०० | | |
| | | ११३०९१४.४६ | | |
| | थप यस वर्षको वचत | ६०३२२.६३ | | |
| | यस वर्षको मौज्दात जम्मा | ११९१२३७.०९ | | |
| **(ङ)** | **यस वर्षमा भएको मौज्दात विवरण** | | | |
| | १. एक्सप्रेस वचत | | ९११४५२.४२ | |
| | ४. शुभगणपति : मुद्दति ६११ | | १०००००.०० | |
| | ५. शुभगणपति : वचत | | १५७४९८.०० | |
| | ६. ने. बैंक लि : चल्ती | | ५५०१.६७ | |
| | ७. सांस्कृतिक कार्यक्रम सिडि बनाउन पेश्की बाँकी | | १६१६०.०० | |
| | ८.पुस्तक प्रकाशन गर्न पेश्की श्रीमती रीना तुलाधर | | ६२५.०० | |
| | **जम्मा** | **११९१२३७.०९** | **११९१२३७.०९** | |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारबाट श्रीलंका भ्रमण




फोटो- उद्योगरत्न तुलाधर

*प्रस्तुती- केशावती गुरूमां*

पूज्य धम्मवती गुरूमांको अनुमतिबाट केशावती गुरूमांको संयोजकत्त्वमा र उद्योग रत्न तुलाधरको सहयोगमा धर्मकीर्ति विहारबाट १८ जना उपासक उपासिकाहरूले श्रीलंका भ्रमण गरेको छ ।

सुवण्णवती गुरूमांको नेतृत्त्वमा गएको उक्त भ्रमण टोलीले भ्रमण गरेको स्थानहरू यसरी रहेका छन्–

अनुराधपुर (सम्राट अशोककी छोरी संघमिता गुरूमांले भारतको बुद्धगयाबाट ल्याउनु भएको बोधिवृक्ष रोपिएको स्थान) अभुकान बुद्ध विहार, अभयगिरी, थुपाराम चैत्य, जेतवन चैत्य, महाचैत्य, मिहिनतले अनुराधपुरको पुरानो सहर, पोलोनारूवा सिग्रीय, डाम्बुलामा गुफा विहार, अलुविहार,मातले, क्यान्दी । सम्यक सम्बुद्धको दन्त धातु, गालको समुद्र, करूतर, कतरगाम, कोलोम्बो सहर, गंगाराम विहार, क्यालनि विहार आदि ।

ऐतिहासिक तीर्थस्थल श्रीलंकामा पुगी बुद्धको जीवनकालमा घटेका घटनाहरू संग सम्वन्धित स्थलहरू दर्शन गरी सुरक्षितका साथ आफ्नो देश नेपाल फर्कन पाएकोमा तीर्थयात्री उपासक उपासिकाहरू खुशी हुनुभएको थिए ।

तीर्थयात्रा गरी दान पुण्यगरी सञ्चय गरेको पुण्यद्वारा गुरू धम्मवती गुरूमांको आयु आरोग्य र दीर्घायु कामना गरिएको छ ।

★ **जसरी फलामबाट निस्केको खियाले फलामलाई नैखान्छ, त्यसरी नै सदाचार उल्लंघन गर्ने व्यक्तिलाई उसको कार्यले उसलाई नै दुर्गतिमा पुऱ्याउँदछ ।**

★ **जताबाट हावा बहेको छ, उतातिर फ्याँकेको धुलो आफैंतिर आए जस्तै निर्दोषी, शुद्ध र क्लेश रहित पुरुषलाई गरेको दोषारोपणको प्रतिफल आफैंलाई पर्न आउँछ ।** *– धम्मपद*



Downloaded from http://www.dhamma.digital

# बुद्धगयामा प्रव्रज्या कार्यक्रम २०७३ सम्पन्न

*फागुण ४– १२, बुद्धगया ।*

भिक्षुणी धम्मवती गुरूमांको ८३ औं जन्मोत्सवको उपलक्षमा चार धाम मध्ये लुम्बिनी र कुशीनगरमा प्रव्रज्या कार्यक्रम सम्पन्न गरी बुद्धगयामा तेश्रो पटकको प्रवज्या कार्यक्रम संचालन गरिएको हो । धर्मकीर्ति विहारमा गुरूमांहरूको आयोजनामा केशावती गुरूमांको संयो जकत्त्वमा संचालित यस कार्यक्रममा शुभवती गुरूमांले सहयोग गर्नुभएको थियो

धर्मकीर्ति विहारका ५९ जना उपासक उपासिकाहरू सहभागी भएको यस कार्यक्रममा श्रामणेर प्रव्रज्या भएका व्यक्तिहरू यसरी हुनुहुन्थ्यो ।

**श्रामणेर प्रव्रज्या**

| *गृहस्थ नाम* | *प्रव्रजित नाम* |
|---|---|
| (१) बेखानरायण महर्जन | श्रामणेर शीलपालो |
| (२) इन्द्र महर्जन | श्रामणेर समाधिपालो |
| (३) बाबुराम महर्जन | श्रामणेर प्रज्ञापालो |
| (४) भाइराम महर्जन | श्रामणेर बोधिपालो |
| (५) नरेशमान सिंह तुलाधर | श्रामणेर रत्न पालो |

**गुरूमां प्रव्रज्या ३ जना**

| | |
|---|---|
| (१) लक्ष्मी महर्जन | गुरूमां रूपावती |
| (२) रामकुमारी खड्गी | गुरूमां कुसलावती |
| (३) मीनशोभा शाक्य | गुरूमां शीलवती |

यसरी नै ५१ जना महिलाहरू ऋषिणी प्रव्रजित भएका थिए ।

यस प्रव्रज्या कार्यक्रममा International Meditation centre बुद्धगयाका विहाराधिपति संघराज, प्रो. भिक्षु सत्यपालबाट श्रामणेर, गुरूमां र ऋषिणी प्रव्रज्याको शील प्रार्थना गराउनु भएको थियो ।

कार्यक्रममा धर्मदेशना गर्नुहुने भिक्षु एवं प्रव्रजित गुरूमांहरू यसरी हुनुहन्थ्यो–

(१) भिक्षु संघपाल (२) भिक्षु सासनपाल
(३) केशावती गुरूमां (४) चित्तावती गुरूमां
(५) शुभवती गुरूमां

उक्त ५ दिने कार्यक्रममा विहान बेलुका बुद्धगया मुख्य मन्दिर भित्र बुद्ध पूजा, परित्राण पाठ र ध्यान भावनाको कार्यक्रम सञ्चालन गरी दान प्रदान गरिएको थियो । अन्तिम दिनमा धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गरी प्रदीप पूजा गरिएको थियो ।

कार्यक्रम पश्चात तल उल्लेखित तीर्थस्थानहरूमा भ्रमण गरिएको थियो–

– उरूबेला बन (सिद्धार्थ कुमारले दुस्कर चर्या अर्थात् ६ बर्ष सम्म कठोर तपस्या गरेको स्थान)
– सेनानी गाउँका सुजाताले क्षीर भोजन दान गरेको स्थान
– सिद्धार्थकुमारले बोधिज्ञान प्राप्त गर्नु अगाडि उहाँलाई सोत्थिय ब्रह्मणले कुश घाँस दान दिएको स्थान
– बैशाली, राजगृह, नालन्दा आदि ।

कार्यक्रम अवधिमा फागुण ६ गते देखि १० गते सम्म यात्री समूहबाट नै भोजन, जलपान र जूस आदि दान गरी पुण्य सञ्चय गर्नुभएका थिए । ती दाताहरूका नाम र दान विवरण यसरी रहेको छ –

| | नाम | मिति | दान विवरण |
|---|---|---|---|
| १ | कर्णदेवी तुलाधर सहित अन्य १० जनाको समूह | फागुन ६ गते | भोजन जलपान र जूस |
| २ | रामदेवी मानन्धर सहित अन्य ८ जना | फागनु ७ गते | जलपान |
| ३ | सारदा श्रेष्ठ र नानीशोभा मानन्धर सहित अन्य १६ जना | " | भोजन |
| ४ | नानीशोभा मानन्धर सहित अन्य १६ जना | फागुन ८ गते | भोजन, जलपान र जूस |
| ५ | पूर्णदेवी महर्जन सहित १० जना | ९ गते | भोजन, जलपान र जूस |
| ६ | सिन्धु मानन्धर र कमला वज्राचार्य सहित अन्य १४ जना | १० गते | जलपान र भोजन |

समापन समारोहमा भिक्षु सत्यपालबाट धर्मदेशना परित्राण र आशीर्वाद सहित साधुवाद पत्र प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ४५ क्वःगु वार्षिक भेलास
# धर्मकीर्ति अश्वघोष सम्मान– २५६० पाखें सम्मानित जुयादीम्ह
# भाजु उद्योग रत्न तुलाधरया म्हसीका

*– धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी*

बि.सं. २०३० सालया उगु ई -पञ्चायत व्यवस्थां धर्म निरपेक्षतायात हाकुतिना तःसां जनस्तर पाखें बुद्ध धर्मया पुनरूत्थान जुयाच्वंगु ई । थाय् थासय् बुद्ध धर्म प्रचारया ज्याभ्वः जुयाच्वंगु ई । उगु हे इलय् असंया हर्षबहाः (हाकु बहाः) लय् बुद्ध जयन्तिया लसताय् साप्ताहिक धर्मदेशना ज्याभ्वः जुइ । उगु ज्याभ्वलय् श्रद्धेय रत्नमञ्जरी गुरूमां प्रमुख मेपिं गुरूमांपिनिगु धर्मदेशना न्यनेत असं त्वाःया हे १८ दँया छम्ह ल्याय्म्ह नं वयाच्वनिइ । वसपोलपिनि धर्मदेशना न्यनाः वय्कः थुलि प्रभावित जुइ कि अझ अप्वः बुद्ध शिक्षा सयेकाः बुद्ध शिक्षा प्रचार प्रसार यायेगु व बुद्ध शासन क्वातुकेगु ज्याय् थम्हं फुगु ग्वाहालि यायेगु मत्तिइ तइ । अले धर्मकीर्ति विहारय् थःगु पलाः न्ह्याकिई । धर्मकीर्ति विहारय् न्ह्यानाच्वंगु युवातय्गु धर्म अध्ययन यायेगु पुचः 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः जुइ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीइ दुजः जुसेंलि धर्म अध्ययनया नापनापं गोष्ठीया सकल जः दुजः पासापिं नाप अतिकं मिलनसार जुयाः फुगु चाःगु ग्वाहालि जक मखु, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें पिदनीगु 'धर्मकीर्ति' पत्रिका दर्ता यायेत उबले मञ्जु रत्न शाक्यया ग्वाहालि कयाः 'धर्मकीर्ति' यात न्हापां द्वैमासिक अले लिपा मासिक पत्रिकाया रूपय् दर्ता यायेत मूवंगु भूमिका म्हितादिइ । व्यवस्थापन पुचलय् च्वना धर्मकीर्ति पत्रिका न्ह्याकादिइ । थुकथं थम्हं फुगु चाःगु ग्वाहालि यानाच्वनादिसें वय्कः निरन्तर ४३ दँ तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीइ झायाच्वनादिइगु दु । थ्व हे भ्वलय् ' धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया' सह सचिव जुयाः नं सेवा यानादिइ धुंकूगु दु ।

अध्ययन गोष्ठीया ज्याय् जक मखु धर्मकीर्ति विहार या ज्याय् नं वय्कलं उतिकं हे माःगु ग्वाहालि यानाच्वनादिइगु दु । विहारया हिति, बिजुली मत, टेलिफोन, माइक इत्यादि मर्मत व उचित व्यवस्था यायेगु ज्याय् वय्कः भचा हे उसि मचाः । धर्मकीर्ति विहारया अन्डरग्राउण्ड लः ट्याँकी व न्हूगु भवनया पश्चिम पाखेया छगू तल्ला दयेकेत वय्कः संयोजक जुयाः ज्या सुथांलाकादिइगु खः । थुलि जक मखु किम्डोलय् निर्माण जुयाच्वंगु धर्मकीर्ति सामुदायिक स्वास्थ्य केन्द्रया भवन निर्माण कमिटीया सदस्य पदय् च्वनाः नं वय्कलं ग्वाहालि यानाच्वनादिइगु दु । अथेहे चःमतिइ निर्माण जुयाच्वंगु श्रद्धाकीर्ति विहारया जग्गा धर्मकीर्तिया नामय् पास यायेगु ज्याय् नं वय्कलं तःधंगु योगदान बियादीगु खँ लुमंकेवहःजू । थुकथं धर्मकीर्ति विहारया थी थी ज्याय् आपलं ग्वाहालि यानाच्वनादिइम्ह वय्कः थौंकन्हय् धर्मकीर्ति विहार संरक्षण कोषया कार्यकारिणी सदस्य जुयादिइ ।

BCom शिक्षा पूवंका दीम्ह वय्कलं बौद्ध देश भ्रमणया संयोजक जुयाः थःगुहे कथंया व्यापार न्ह्याका च्वनादिइगु दु ।

वय्कलं भारत, श्रीलंका, बर्मा, थाइल्याण्ड, बंगलादेश, सिंगापुर, मलेसिया, चीन, हङ्कङ्ग आदि देशया भ्रमण यानादिइ धुंकूगु दु ।

थुकथं बुद्ध शिक्षा व धर्मकीर्ति प्रति अतिकं श्रद्धा तयाः थःगु जीवन सरल कथं न्ह्याकाच्वनादिइम्ह भाजु उद्योग रत्न तुलाधरया जन्म वि.सं. २०१२ भाद्र २४ गते कुन्हु मां रत्न देवी तुलाधर व अबु गोरे तुलाधरया कोखं यैंया असं त्वालय् जूगु खः । थौकन्ह्य वयकः थःतिरी मय्जु निर्मला लक्ष्मी तुलाधर, काय युजेन तुलाधर व म्ह्याय् विशाखा तुलाधर लिसे यैंया बालाजु, बनस्थली च्वनादिइ ।

थः स्वयांनं धर्मकीर्ति विहार, धर्मकीर्ति नाप स्वापू दुपिं भन्तेपिं व गुरूमांपिं अले बुद्ध शासन प्रति अप्पो श्रद्धा तयाः माःगु थासय् माःगु ग्वाहालि यानाच्वनादिइम्ह भाजु उद्योग रत्न तुलाधरया थुगु ४५ क्वःगु बार्षिक भेलाय् ' धर्मकीर्ति अश्वघोष सम्मान -बु.सं. २५६०' पाखें सम्मानित जूगुलिं वय्कःयात आपलं आपाः भिंतुना द्यछाना ।

न्ह्याबले बुद्ध शिक्षा व बुद्ध शासन चीर स्थायी यायेग ज्या् न्ह्ज्याये फयेमा धकाः मनंतुंसे साधुवाद नं द्यछाना । साधु ! साधु !! साधु !!!



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजनया ज्याझ्वः

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

१) ने.सं. ११३७ चतुर्थी कुन्हु म्हेपि गुम्बाय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया धार्मिक यात्राया भ्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जूगु जुल। इन्दावती गुरूमांया संयोजकत्त्वय् न्ह्यागु उगु ज्याभ्वः लामा गुरू तासी व वीर्यवती गुरूमां पाखें धर्मदेशना जुल। वसया व्यवस्था अध्ययन गोष्ठी पाखें जूगु जुल।

(२) ने.सं. ११३८ बखुंमद अष्टमी कुन्हु (२०७३-८-२२) करूणा बौद्ध विहार मातातिर्थ च्वनाबिज्याम्ह चन्द्र शीला गुरूमांया भिं बुदिंया लसताय् धर्मकीर्ति बौद्ध ज्ञा.भजनयात निमन्त्रणा यानाबिज्यासे भजन जूगु जुल। दांभरी बुद्धरत्न कसाः पाखें गुरूमांयात खाडा अर्पण यासे, देछादेछागु जुल। वसया व्यवस्था श्रद्धेय गुरूमां पाखें यानाबिज्यागु खः।

३) ने.सं. ११३८ अष्टमी जनबाद्यः न्हवं कुन्हु मैत्री बोधिसत्त्व विहार जमलय् केशावती गुरूमांपाखें बुद्ध पूजा धर्मदेशना जूगु ज्या भ्वलय ध.बौ.ज्ञा.भ. पाखें भजन प्रस्तुत जूगु जुल। गुरू पन्नाकाजी शाक्यया नेतृत्वय् भजन जूगुली जलपान दाता श्याममान वज्राचार्य परिवार पाखें २०००।- दां भजनयात चन्दा वियादीगु खः।

४) ने.सं. ११३७ सिल्लाथ्व अष्टमी (२०७३/१०/२२) कुन्हु मैत्रीबोधिसत्व विहार जमलय् कुसुम गुरूमां पाखें बुद्ध पूजा व धर्मदेशना जूगु ज्याभ्वलय् गुरू पन्नाकाजीया नेतृत्वय् ध.बौ.ज्ञा.भ.जूगु जुल। कान्छीमाया शाक्य पाखें जलपान व्यवस्था जूगु खः।

५) ने.सं. ११३७ चिल्लाथ्व चिर स्वाइगु अष्टमी कुन्हु मैत्रीबोधिसत्व विहार जमलय् वीर्यवती गुरूमां पाखें बुद्ध पूजा व धर्मदेशना जूगु ज्या भ्वलय् ध.बौ.ज्ञा. भजन पाखें भजन प्रस्तुत जुल। जलपानदातापिं कमल शोभा तुलाधर, दानकेशरी शाक्य, हरिवदन शाक्य, चिनीया देवी शाक्य, मथुरा शाक्य पिं खः।

घ) ने. सं. ११३७ चिल्लाथ्व चौठी व एकादशी निन्हु घ.बौ.ज्ञा.भ. या दुजः भाजु हरिमान रंजीतया भिं ज्याथ जन्को व दिवंगत जहान व मां अबुया नामं न्हयन्हुयंक भिक्षुसंघ पाखें अभिधम्म पाठ लिसें धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जूगु जुल।

न्वकू नायो श्याममान वज्राचार्य पाखें खाडा क्वखायकाः हनापौ लःल्हाना दीगु खः। लिसें दांभरी बुद्धरत्न कसाः पाखें नं खाडा क्वखायकाः हना दीगु खः।

भाजु हरिमान ज्यू पाखें भजनयात १०,०००।– दां चन्दा लल्हानादीगु व मोटरया व्यवस्था नं वयकः पाखें यानादीगु खः। वयकयात ध.कि.बौ.ज्ञा भजनपाखे भिं उसाँय् ताः आयुया आशिका यासे यक्व यक्व भिन्तुना लिसें सुभाय देछाःगु जुल।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*वि.सं. १९९२ मंसीर १२, बुधवार*

*दिवंगत :*
*वि.सं. २०७३ फागुन ११ गते, बुधवार*

## दिवंगत चन्द्रलक्ष्मी रञ्जित

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका चन्द्रलक्ष्मी रंजित दिवंगत हुनुभयो। यस दुःखद घडीमा उहाँका परिवारले संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन्। दिवंगत चन्द्रलक्ष्मी रंञ्जितलाई सुगति सहित निर्वाण हेतु प्राप्त होस् भनी पुण्यानुमोदन गर्दछौं।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः**



Downloaded from http://www.dhamma.digital

# कमल पुखूया गौरव कमला गुरूमां

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

कमल पूखुया गौरव कमला गुरूमां बुद्ध धर्मप्रति आस्था, ज्ञानमाला भजनप्रति नं तसकं श्रद्धा तयाबिज्याम्ह गुरूमां खः। मां पद्म कुमारी बौ पद्म बहादुर या भिंछम्ह मस्त मध्य मां बौ या नां यात ल्वय्क पद्म स्वां, कमल स्वां पलेस्वां या रूप जुयाः वि.सं. २००४ सालय् जन्म जुया विज्याम्ह गुरूमां १५ दँया इलंनिसे बुद्ध धर्मय् पलाः न्हयाकाः भिक्षुणी जुया विज्याम्ह वसपोल गुरूमां बुद्ध शिक्षा जक मखु शैक्षिक ख्यलय् नं पलाः न्हयाकाः प्रभात-माध्यमिक विद्यालयया प्रधानाध्यापिका तक नं जुया विज्याम्ह खः।

पल्पसाथें जाःगु जीवनया मू थुइकाः थ म्हं मफुसानं दँय्दसं भन्ते गुरूमांपिन्त निमन्त्रणा यानाः विज्यासे महापरित्राण पाठ, अभिधम्म पाठ आदि ज्याभ्वः यासें धर्म पूजा यानाः थःगु कर्तव्य ज्वनाः पुण्य साधना याना बिज्यानाच्वनीम्ह गुरूमां खः

कमला गुरूमां नं ग्यसुलापिं शिष्यपिं मध्य करूणावती गुरूमां थे जाम्ह शिष्य पिब्वयाः विहार यात अभ नं धिसिलाक न्हयाकी धैगु विश्वास कया बिज्याम्ह गुरूमां खः।

वसपोल कमला गुरूमां धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनयात अतिकं यय्का विज्याम्ह गुरूमांमं धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन नीस्वंगु इलं निसें हरेक धार्मिक ज्याभ्वलय, गबलें गबलें दच्छिया प्यक्व तक नं भजनयात निमन्त्रणायानाः भजन यानाबिज्याई। धर्मकीर्ति ज्ञानमाला भजन न्हयब्वयागु मिति थथेखः

१) ०६३-४-२० २) ०६४-१-१५
३) ०६४-१-२० ४) ०६३-८-८
५) ०६४-९-७ ६) ०६५-११-४
७) ०६६-७-२१ ८) ०६७-१-२७
९) ०६७-५-२६ १०) ०६८-६-३०
११) ०६९-८-१३

भजन प्रति प्रभावित जुयाः हे वसपोलं 'सुगम संगीत ज्ञानमाला भजन" नां तयाः भजन नीस्वना बिज्यात।

बुद्धधर्म प्रचार प्रसारया माध्यम छगू ज्ञानमाला भजन नं खः धैगु दुनुगलंनिसे मनन यानाः हरेक ज्याभ्वलय् ध.बौ.ज्ञा.भ. ब्वना भजन याना विज्याम्ह गुरूमां भजन व भजनं याइपिं प्रति माया ममता क्यना बिज्याम्ह श्रद्धेय कमला गुरूमां बुद्धं क्यंगु लंपुइ अनन्त यात्राय् बिज्यात।

वसपोलया गुणानुस्मरण यासे कमला गुरूमां प्रति आभार, कृतज्ञता लिसे सुगतीया कामना, निवार्णया लंपुई न्हयज्याय् फयमा धकाः भावपूर्ण रूपं दुनुगलय तयाः वन्दना याना च्वना।

## धर्मकीर्ति पत्रिकाको लागि चन्दा सहयोग

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै भिक्षुणी धम्मवतीले उहाँका वर्मी गुरू पुज्य सयादो ऊ. धम्माबुद्ध भन्तेको पुण्य स्मृतिमा रू. १००,०००।- (रू. एक लाख) चन्दा सहयोग प्रदान गर्नु भएको छ । भिक्षुणी धम्मवतीको यस मैत्रीपूर्ण सहयोग प्रति धर्मकीर्ति पत्रिकाले साधुवाद व्यक्त गर्दै उहाँको सुस्वास्थ्य, दीर्घायु एवं मंगल कामना गर्दछ ।

यसरी नै उपासिका सोनी स्थापितले धर्मकीर्ति पत्रिकाको लागि रू ५००।- चन्दा सहयोग प्रदान गर्नु भएको छ । दाता उपासिकाको यस सहयोगलाई पनि धर्मकीर्ति पत्रिकाले साधुवाद व्यक्त गर्दै उहाँको सुस्वास्थ्य एवं सुखमय जीवनको कामना गर्दछ ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*वि.सं. १९९६ चैत्र २५*

*दिवंगत :*
*वि.सं. २०७३*
*फागुन २९ गते*

## **दि. रामदेवी मानन्धर**, खिचापोखरी

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य (सदस्यता नं. ८१७) रामदेवी मानन्धर दिवंगत हुनु भयो । यस दुखद घडीमा उहाँका परिवारले प्रकृतिको अनित्य दुःख र अनात्म स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । दिवंगत उपासिकालाई सुगति प्राप्त भई यथासिघ्र निर्वाणको हेतु पनि प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*बुन्हि :*
*वि.सं. १९९६/६/१/३*
*पञ्चमी*

*मदुगुन्हि :*
*वि.सं. २०७३/११/२०*
*पचिमधः पञ्चमी*

## **दिवंगत हेरामाया प्रजापति**, ब्रह्मत्वाः तःननी

धर्मकीर्ति विहार चम्पा भोजन पुचःया दुजः हेरामाया प्रजापति दिवंगत जुयादिल । वयकःया छेँजःपिसं थुज्यागु दुःखं कःगु इलय् भगवान् बुद्धं कनाबिज्याःगु अनित्यताया ज्ञानयात सीकाः मन चीफय्‌मा । मदुम्ह उपासिकायात नं सुगति सहित निर्वाणया हेतु चूलाय्‌मा धकाः आशिका यासे पुण्यानुमोदन याना ।


## चम्पा भोजन पुचः

**धर्मकीर्ति विहार, श्रीघः नःघः**



Downloaded from http://www.dhamma.digital

# “प्रजापति गौतमीको संघर्ष र देन” विषयक एकदिने गोष्ठी सम्पन्न




मन्तव्य व्यक्त गर्नुहुँदै श्रीलंकाका राजदूत डब्लु एस. परेरा

फोटो- वीर्यवती

*२०७३ फागुन २५ बुधवार*
*स्थान- निर्वाणमूर्ति किम्डोल विहार, स्वयम्भू ।*

अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा यसदिन निर्वाणमूर्ति किम्डोल विहार स्वयम्भूमा श्रीलंकाका महामहिम राजदूत सुश्री डब्लु एस परेराको प्रमुख आतिथ्यमा “प्रजापति गौतमीको संघर्ष र देन” विषयक एकदिने गोष्ठी सम्पन्न भयो ।

निर्वाणमूर्ति विहार स्वयम्भूको धम्महलमा सञ्चालित उक्त गोष्ठी भिक्षुणी धम्मवतीको निर्देशन र डा. मोलिनी गुरूमांको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा आनन्दकुटी विहारका भिक्षु धर्ममूर्ति महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएपछि भिक्षुणी डा. धम्मविजयाले गोष्ठीको परिचय प्रस्तुत गर्नुहुँदै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रमुख अतिथी श्रीलंकाका महामहिम राजदूतले आफ्नो मन्तव्य व्यक्त गर्नुभएपछि भिक्षु धर्ममूर्तिले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा डा. मोलिनी गुरूमांले भगवान् बुद्ध समक्ष उहाँका सानीआमा महारानी प्रजापति गौतमीले भिक्षुणी प्रव्रज्या ग्रहण गर्नुभएको तस्विर उद्घाटन गर्नुभएको थियो ।

समाजमा नारी पुरूष विचको भेदभाव हटाउनको लागि भगवान् बुद्धले दिनुभएको योगदान र यस क्षत्रमा भिक्षुणी प्रजापतिले गर्नुभएको संघर्ष र देन विषयमा उल्लेख गर्नुहुँदै ३ जना नारीहरूले यसरी कार्यपत्र पेश गर्नुभएको थिए ।

**भिक्षुणी कुसुम**– “भिक्षुणी महाप्रजापती गौतमीको ऋद्धि प्राप्तिहार्य” विषयमा कार्यपत्र पेश गर्नुहुँदै बुद्धकालिन



Downloaded from http://www.dhamma.digital

समयमा लोकुत्तर मार्गफल प्राप्त गर्नको लागि नारीपुरूष दुबैमा समान शिक्षा प्राप्त गर्ने क्षमता रहेको विषयमा उल्लेख गर्नुहुँदै भिक्षुणी कुसुमले ८० वर्षको उमेरमा पुग्नुभएकी बुद्धमाता भिक्षुणी प्रजापती गौतमी ऋद्धि सहित अरहत फल प्राप्त गर्नुभई भगवान् बुद्धको आज्ञाअनुसार जनसमुदाय विच ऋद्धि शक्ति प्रदर्शन गर्नुभएको विषयमा चर्चा गर्नुहुँदै भन्नुभयो–

"शील, समाधि र प्रज्ञाको अभ्यास गर्ने कार्यमा नारी र पुरूष भनेर भेदभाव गर्नु निरर्थक छ। नारी र पुरूष समान नभएसम्म समाज सुधार हुन सक्दैन। यसैले भिक्षुणी प्रजापति गौतमी आफै उदाहरण बन्नु भई नारी जातिको उत्थानको लागि चाल्नु भएको कदम अविस्मरणीय रहेको छ।"

**भिक्षुणी वीर्यवती**– "नारीजाती उत्थानको लागि महाप्रजापति गौतमीको योगदान" विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै भिक्षुणी वीर्यवतीले महाप्रजापति गौतमीको निश्वार्थ एवं उदार हृदयको चर्चा गर्नुहुँदै भन्नुभयो–

"आफ्नो दुधे बालक नन्द कुमारलाई धाई आमाको हातमा सुम्पी आफ्नी दिदी महामायादेवी परलोक हुनभएको कारणले उहाँको पुत्र सिद्धार्थ कुमारलाई आफ्नो स्तनपान गराई मातृत्त्वको शीतल छहारी प्रदान गर्दै पालन पोषण गरिन्। उहाँको यस कार्यमा सिद्धार्थ कुमार बुद्ध बन्नको लागि अमूल्य सहयोग पुऱ्याएको छ। सानी आमा भएपनि आमाको अमूल्य भूमिमा निभाई बुद्ध माता बन्ने सौभाग्य प्राप्त गर्नुभएकी प्रजापति गौतमीले त्यस समयको पुरूष प्रधान समाजमा राज्यबैभव त्यागी अतिकष्ट झेली भगवान् बुद्ध समक्ष भिक्षुणी उपसम्पदाको लागि गरूधर्म पालन गर्न सहर्ष स्वीकार गरी नारी जातीका लागि धर्मको द्वार उधारिदिन सफल भइन् र अलौकिक सुख प्राप्त गर्न पनि सफल भइन्। संघनायिका महाप्रजापति गौतमीको यस गुणलाई इतिहासमा सुवर्ण अक्षरले कोरिएको छ।"

**सहप्राध्यापिका उर्मीला ताम्राकार**– बुद्ध, प्रजापति गौतमी र नारी स्वतन्त्रता विषयमा कार्यपत्र पेश गर्नुहुँदै सहप्राध्यापिका उर्मीला ताम्राकारले भगवान बुद्धले नारीवर्गलाई पुरूषहरूको दाँजोमा कसरी शिक्षा दिनुभयो। नारी स्वतन्त्रताको लागि प्रजापति गौतमीको देन, भिक्षुणीहरूले आफ्नो चित्तमल निर्मल पारी निर्वाण सुख प्राप्त गर्नको लागि गर्नुभएको संघर्ष, शिक्षित नारी वर्गलाई भगवान् बुद्धले गर्नुभएको प्रशंसा आदि विषयमा उल्लेख गर्नुहुँदै भन्नुभयो–

नारी स्वतन्त्रताकालागि भगवान् बुद्धले २६ सयवर्ष अगाडि नै बाटो खुलाइदिएको थियो भने नारी स्वतन्त्रताका लागि अग्रणी भूमिका निर्वाह गरेकी नेपाली छोरी प्रजापति गौतमीको योगदानलाई हामीले विर्सन हुँदैन। यसलाई विश्वसामु प्रचार प्रसार गरी पहिचान गराई दिनु सान्दर्भिक हुनेछ।"

प्रफुल्ल कमल ताम्राकार र सुमन कमल तुलाधरले संचालन गर्नुभएको यस कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रहरूमा उल्लेखित विषयहरू बारे श्रोतावर्गहरूबाट सोधिएका प्रश्नहरूलाई कार्यपत्र प्रस्तुतकर्ताहरूबाट उत्तर दिनुभएका थिए।

कार्यक्रमको अन्त्यमा सभापतिको आशनबाट डा. दो मोलिनी गुरूमांले आफ्नो मन्तव्य व्यक्त गर्नुभएपछि निर्वाण मूर्ति किण्डोल विहारका महासचिव अमृतमान ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

निर्वाण मूर्ति विहारका वरिष्ठ उपासक उपासिका-हरूलाई पनि सम्मान गरिएको उक्त कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरूलाई दाता मोतिशोभा तुलाधरबाट जलपान प्रायोजन गर्नुभएको थियो।

## धर्मकीर्ति पत्रिका साधारण सदस्यता नवीकरण सम्बन्धी विशेष सूचना

बि.सं. २०७४ साल बैशाख महिनाको बैशाख पूर्णिमा देखि धर्मकीर्ति पत्रिकाले वर्ष ३५ अङ्क १ मा प्रवेश गर्दैछ। पत्रिकाको वार्षिक ग्राहकहरूद्वारा यस पत्रिकाको साधारण सदस्यता समयमा नै नवीकरण गराउनु भई वर्ष ३५ का सबै अङ्कहरू (१-१२ अङ्क) प्राप्त गरी सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ।

वार्षिक ग्राहक शुल्क रू. १००।- नै कायम भएको सूचना पनि जानकारी गराइएको छ।

**धर्मकीर्ति पत्रिका, धर्मकीर्ति विहार**

श्रीघः नःघः काठमाडौं, नेपाल।



Downloaded from http://www.dhamma.digital

## अखिल नेपाल भिक्षु महासंघको नयाँ कार्यकारिणी सदस्यहरू चयन

थेरवाद बुद्ध शासन अन्तरगतको अखिल नेपाल भिक्षु महासंघबाट सञ्चालित एक संघ सभाबाट १५ जना कार्यकारिणी सदस्यहरू सहितको नयाँ कार्यकारिणी समिति गठन गरिएको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार आनन्दकुटी विहारका विहार प्रमुख भिक्षु मैत्री महास्थविरको अध्यक्षतामा गठित उक्त कार्यकारिणी समितिमा चयन गरिएका नयाँ कार्यकारिणी सदस्यहरूको रूपरेखा यसरी रहेको छ ।

**अखिल नेपाल भिक्षु महासंघ**

| | | | |
|---|---|---|---|
| (१) | अध्यक्ष | – | भिक्षु मैत्री महास्थविर |
| (२) | उपाध्यक्ष | – | भिक्षु सुमेध महास्थविर |
| (३) | उपाध्यक्ष | – | भिक्षु धर्ममूर्ति महास्थविर |
| (४) | महासचिव | – | भिक्षु कोण्डन्य महास्थविर |
| (५) | सचिव | – | भिक्षु राहुल महास्थविर |
| (६) | कोषाध्यक्ष | – | भिक्षु बोधिज्ञान महास्थविर |
| (७) | का.का.स. | – | भिक्षु शीलभद्र महास्थविर |
| (८) | का.का.स. | – | भिक्षु भद्दिय महास्थविर |
| (९) | का.का.स. | – | भिक्षु तपस्सि धम्म महास्थविर |
| (१०) | का.का.स. | – | भिक्षु अशोक स्थविर |
| (११) | का.का.स. | – | भिक्षु पञ्ञासार स्थविर |
| (१२) | का.का.स. | – | भिक्षु पञ्ञारतन स्थविर |
| (१३) | का.का.स. | – | भिक्षु सरणंकर स्थविर |
| (१४) | का.का.स. | – | भिक्षु पियदस्सी स्थविर |
| (१५) | का.का.स. | – | भिक्षु आचारो स्थविर |

## मैत्री बोधिसत्त्व महाविहारमा बुद्धपूजा

*२०७३ फागुण २२ आइतबार*

*स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल ।*

यसदिन मैत्री बोधिसत्त्व महाविहार जमलमा वीर्यवती गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नु भएको थियो । श्याममान वज्राचार्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाल भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गर्नुभएको थियो । यसरी नै उक्त कार्यक्रममा जलपान व्यवस्था गर्नुहुने दाताहरू यसरी हुनहुन्थ्यो –

(१) माणिकरत्न, दान केशरी शाक्य परिवार
(२) योगरत्न, मथुरा शाक्य परिवार
(३) शुभरत्न चिनीया देवी शाक्य परिवार
(४) कमलशोभा तुलाधर परिवार र
(५) हरीबदन वज्राचार्य परिवार ।

### धर्मकीर्ति पत्रिका विशेष सदस्यहरूको नामावली

*क्र.सं. ८५८*

**पन्नारत्न तुलाधर**
कसुमबियालाछी, काठमाडौं
रु. २०००/–



## भिक्षु भिक्षुणीहरूको दाह संस्कार कार्यको लागि योगाम्बर गुठीलाई कूल चन्दा रू. १० लाख

भिक्षु भिक्षुणीहरूको देहावसान पश्चात् योगाम्बर गुठीले उहाँहरूको दाह संस्कार गरिदिने जिम्मा लिए अनुसार यस कार्य सुचारूपले सञ्चालन होस् भन्ने कामनाका साथ योगाम्बर गुठीलाई चन्दा दिनुहुने दाताहरू र चन्दा रकम यसरी रहेको छ –

| दाता | चन्दा रकम |
|---|---|
| १) भिक्षु ज्ञानपूर्णिक महास्थविर | रू. १,०,००००।– (रू. एकलाख) |
| २) भिक्षुणी धम्मवती | रू. १,०,००००।– (रू. एकलाख) |
| ३) द्रव्य मान सिंह तुलाधर | रू. ८,०००००।– (रू. आठलाख) |
| **कूल जम्मा** | **रू १०,०००००।– (रू. दशलाख)** |



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. ५/०७३/७४

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :*
*वि.सं. २०१७ फागुन*

*मदुगुन्हि :*
*वि.सं. २०७३ चैत्र १५ गते*

# दिवंगत मिला रञ्जित

अनन्त गुणं जाःम्ह ममतामयी जिमि मां, तता, केहें, मिला रञ्जित छन्त कालं कोखं दायथें दाया यंकल । आः जिमिसं छन्त गन वनाः सःते ? सःतूसां छं हजुर धाइमखुत । अथेंसां छंगु गुणानुस्मरण यासे याकन हे छन्त सुगति व निर्वाणया हेतु चूलाय्मा धकाः कामना यानाः जिपिं सकस्यां पुण्यानुमोदन यानाच्वंना ।

काय् – **विनय व विञ्जु रञ्जित**

ताःभत – **सति रञ्जित**

म्ह्याय् – **विमिना रञ्जित, रोल्डन मेन्डेन्सा**

क्यहेँभत – **इन्दिरा, उत्तम रञ्जित**

तता कयहेँपिं – **श्रद्धाचारी गुरूमां, श्रीमीला सुवाल, प्रकृति तुलाधर, लिसा रञ्जित**

चमा – **शौभाग्यवती रञ्जित**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

भगवान् बुद्ध समक्ष आफ्नो मृत बालकलाई जीवित पारिदिन आग्रह गर्दै किसा गौतमी

वर्ष-३४; अङ्क-१२ बु.सं. २५६०, ल्हुति पुन्हि

Downloaded from http://www.dhamma.digital

आवरण चित्र परिचय

# किसा गौतमी

*लेखक-* **कल्याण मित्र सत्यनारायण गोयन्का**, *अनुवाद-* **वीर्यवती**

श्रावस्ती नगरको समाजमा अत्यन्त निर्धन कुलमा जन्मिएकी एक युवती थिइन् । नाम उनको गौतमी । परन्तु अत्यन्त दुब्ली, पातली र कृश काय भएकी हुनाले उनको नाम किसा गौतमी रहन गयो । संयोगवस उनको त्यही नगरका एक धनवान् कुलमा विवाह भयो । तैपनि उनीलाई त्यस धनी कुटुम्बको कुनै पनि सुख प्राप्त भएन । निर्धन घरबाट आएकी हुनाले उनीलाई पतिको घर परिवारबाट अनेक तिरस्कारपूर्ण वचनहरू सुन्नु पर्थ्यो । उक्त परिवारबाट उनीलाई धेरै अपमान भइरहन्थ्यो । सन्तान नभएको कारणले पनि उनीलाई मन बिझ्ने वचनहरू सुनाइन्थ्यो ।

केही वर्षपछि उनको भाग्य फेरियो । किनभने उनी गर्भवती भइन् र उनीले एक पुत्र जन्माइन् । पुत्रवती भएकी नाताले पहिला जस्तो निरादर र तिरस्कृत हुन परेन । आदर सत्कार मिल्न थाल्यो । तर यो सुख पनि धेरै टिक्न सकेन । पुत्र जन्मिएर दुई तिन वर्ष बित्न नपाउँदै उनको बालकको मृत्यु भयो । पुत्र वियोग किसाको लागि असह्य हुन थाल्यो । जब मानिसहरूले उनको मृत छोरोको लाशलाई मशानमा लान खोज्यो, तब उनीले उनको मृत छोरोको लाश आफ्नो छातीमा टाँसेर रूँदै यसरी विलाप गर्न थालिन्–

"औषधी गर्न जानेको एक वैद्यलाई बोलाइदिनुस् न, उसले मेरो छोरोलाई बचाइदिने छ ।"

उनको यस बहुलापना देखेर मानिसहरू दुःखी हुन थाले । तर के गर्नु ? मरिसकेकोलाई जीवित पार्ने कुनै औषधी छैन । आखिर एक दयावान् व्यक्तिले उसलाई यसरी सल्लाह दिन थाल्यो–

"भगवान् बुद्ध महाभिषक र महावैद्य हुनुहुन्छ । यस समय उहाँ जेतवन विहारमा रहनु भएको छ । उहाँ समक्ष जानु । शायद उहाँले कुनै औषधि दिनुहुन्छ कि ?"

किसा गौतमी आफ्नो बच्चालाई छातीमा च्यापी दगुर्दै जेतवन विहारमा पुगिन् । भगवान् बुद्ध त्यस समय धर्माशनमा विराजमान हुनुभई साधकहरूलाई धर्म उपदेश दिइरहनु भएको थियो । किसा रूँदै भगवान् बुद्ध समक्ष पुगी आफ्नो बच्चालाई उहाँको चरणमा लेटाइन् र भगवान् बुद्ध समक्ष रूँदै यसरी प्रार्थना गरिन्– "भन्ते भगवान् ! यस बच्चालाई जीवन प्रदान गर्नुहोस् । यो एउटा मात्र मेरो जीवनको सहारा हो ।"

भगवान् बुद्धले भन्नुभयो– "नगरको कुनै पनि घरबाट एक मुट्ठी तोरी मागेर ल्याउनु ।"

किशा गौतमी खुशी भइन् । "भगवान् बुद्धले उनको बच्चालाई जीवित पार्नको लागि औषधी बनाउन तोरी माग्न पठाउनु भयो भन्ठानिन् ।"

उनी तोरी ल्याउन हतारिँदै गइन् । अनि भगवान् बुद्धले उनीलाई सम्झाउँदै भन्नुभयो–

बहिनी ! तिमीले तोरी त्यस घरबाट ल्याउनु पर्नेछ, जुन घरमा परिवारको कुनैपनि सदस्य नमरेको होस् ।"

हतारमा आतिँदै उनीले भनिन्–

"हवस भगवान ! मैले त्यस्तै घरबाट तोरी ल्याउनेछु ।"

नगरको हरेक गल्ली गल्ली, घरघर चाहार्दै उनीले तोरी माग्न थालिन् । मानिसहरूले खुशी हुँदै तोरी दिन तयार त भए । तर जब उनीले घरको कुनै सदस्य मरेको छ, छैन प्रश्न गर्छिन् तब त्यस घरमा कोही पनि सदस्य मरेको छैन भन्न सकेनन् । यसरी तोरी खोज्दा खोज्दै दिन बित्न थाल्यो । किशालाई थकाइले चूर पार्न थाल्यो । तब उनको मनमा होश आउन थाल्यो । उनले सम्झन थालिन् "प्राणीहरू सबैलाई एकदिन मर्न पर्दो रहेछ । एकदिन मर्नुपर्ने सबैको स्वभाव धर्म नै रहेछ । मृत्युबाट कोही पनि बच्न सक्दैन रहेछ । यो प्राकृतिक सत्य सम्झाइदिनको लागि नै भगवान् बुद्धले मलाई कोही पनि व्यक्ति नमरेको घरबाट तोरी ल्याउने कामको जिम्मा दिनु भएको रहेछ ।"

यसरी ठीक तरिकाले सम्झ्ने शक्ति प्राप्त भएपछि किशाले आफ्नो बच्चाको मृत शरीर श्मसानमा राखी भगवान् समक्ष हाजिर भइन् ।

उनको चित्तमा शोक र आतुरताले पारिराखेको हैरानीपना हटेको देखी भगवान् बुद्धले उनीलाई धर्मउपदेश दिनुभयो । पूर्वजन्म देखि सञ्चय गरिराखेको पारमी भएको कारणले किशा गौतमीले विपश्यना भावना गर्दागर्दै उनी स्रोतापन्न सम्मको ज्ञान लाभ गर्न सफल भइन् । उनी भिक्षुणीसंघमा प्रव्रजित भई गम्भिरतापूर्वक विपश्यना भावना गर्दागर्दै सकदागामी, अनागामी र अरहन्त सम्मको पनि ज्ञान लाभ गरी भाग्यमानी बनिन् ।

त्यसपछि उनीले अनेक दुःखी नारीहरूलाई पनि विपश्यना धर्मको प्रशिक्षण दिंदै दुःख मुक्त गराउन सफल भइन् । भगवान बुद्धले उनीलाई नराम्रो, झुत्रो (रूक्ष) चीवर लगाउने भिक्षुणीहरू मध्ये अग्रपद दिनु भएको थियो ।

Downloaded from http://www.dhamma.digital